जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३२८ • २०८१ साल बैशाख १४ गते शुक्रबार (26 April, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## पौडेश्वरमा सडक अवरुद्ध
# स्थानीय र प्रहरीबीच झडप, ९ राउण्ड अश्रुग्यास

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको औरही गाउँपालिकामा स्थानीय र प्रहरीबीच बिहीबार झडप भएको छ। सडक अवरुद्ध गरेका स्थानीयबासिन्दाहरुलाई हटाउन प्रहरीले नौ राउण्ड अश्रुग्यास प्रहार गरेको छ।

औरही गाउँपालिकाको वडा नम्बर १ को पौडेश्वरमा सडक बन्द गरी टायर बालेर स्थानीय बासिन्दाहरुले प्रहरीविरुद्ध प्रदर्शन गरेपछि झडप भएको हो।स्थानीय र प्रहरीबीच भएको झडपमा तीन जना प्रहरी पनि घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता समेत रहेका डीएसपी रञ्जन अवाले जनाएका छन् ।

तनावग्रस्त अवस्थालाई नियन्त्रणमा लिनका लागि धनुषा प्रहरीले नौ राउण्ड अश्रुग्यासको गोला प्रहार गरेको उनले बताए।

उनले सात राउण्ड सशस्त्र प्रहरी र दुई राउण्ड नेपाल प्रहरीले अश्रुग्यास चलाएको पुष्टि गरे । गत वैशाख ४ गते पौडेश्वारका दुई जना किशोरीलाई अपहरण गरेको जनाउ जिल्ला प्रहरी कार्यालयलाई दिए पनि घटनाको १० दिन बितिसक्दा समेत प्रहरीले खोजतलाशमा चासो नदेखाएको आरोप स्थानीय बासिन्दाहरुले लगाएका छन् ।

अपहरणमा परेको भनिएको पीडितका अभिभावकहरुले दिएको उजुरीको आधारमा प्रहरीले खोजी कार्यलाई तीव्र बनाएको डीएसपी आवाले बताए । तर स्थानीय बासिन्दाहरुले प्रहरीले चासो नदेखाएको आरोप लगाए।

आवाका अनुसार छोरी अपहरित भएको पीडित परिवारले बिहीबार बिहानदेखि सडक अवरुद्ध गरेर प्रदर्शन गरेका थिए।

प्रहरी र प्रदर्शनकारीबीच भएको झडपमा सशस्त्र प्रहरी र नेपाल प्रहरीका ३ जना घाइते भएका छन् । यस्तै प्रदर्शनकारीले प्रहरीको गाडीमा तोडफोड समेत गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

> **अपहरितहरु मध्ये एकजना १४ वर्षीया र १जना १६ वर्षीया रहेको बताइएको छ ।**

अपहरितहरु मध्ये एकजना १४ वर्षीया र १जना १६ वर्षीया रहेको बताइएको छ।

गाडीमा तोडफोड गर्ने र प्रहरीमाथि ढुंगामुडा गरेको आरोपमा ५ जना लाई नियन्त्रणमा लिएको डीएसपी आवाले बताए।

दुई परिवारका दुई नाबालिका अपरिहत भएको भन्दै पीडितहरूले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएको थियो । नाबालिक किशोरीका परिवारहरुले अपहरण, शरीर बन्धक लगायतका अभियोगमा मुद्दा दर्ता गरी कारवाही प्रक्रिया अगाडि बढाउन माग गरिरहेका छन्। तर जिल्ला प्रहरी कार्यालय धनुषाले हाल सम्म मुद्दा समेत दर्ता नगरेको आरोप स्थानीयहरुको छ।

दुई जना नाबालिगलाई हंसपुर नगरपालिका-४ का शाजिद नदाफ र मोफिद नदाफले गत वैशाख ४ गते भगाएर लगेका छन् । प्रहरीले शाजिद नदाफको बुवा आमा, मोफिद नदाफका काका र युवतीहरु भगाउन सहयोग गर्ने दुई जनासहित पाँच जनालाई पक्राउ गरेको छ।

घटना भएदेखि नै पौडेश्वर र हँसपुर नगरपालिकाको नरहियाबीच तनाव उत्पन्न भएको छ।

## राजपुर बम काण्डको फैसला
# आलम दाजुभाई सहित चारलाई जन्मकैद, एकलाई सफाइ

**टुडे समाचारदाता**

गौर । नेपाली कांग्रेसका नेता एवं पूर्व मन्त्री अफताव आलम दाजुभाई सहित चार जनालाई जन्मकैदको सजाय सुनाइएको छ। एकजनाले सफाइ पाएका छन् ।

जिल्ला अदालत रौतहटको इजलास नम्बर १ बाट भएको फैसलामा मोहम्मद अफताव आलम, उनका भाई महताव आलम, मुक्ती साह र बद्री सहनीलाई जन्मकैदको सजाय सुनाइएको छ। शेख सेराजलाई भने सफाइ दिएको छ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य र सांसद रहेको बेला २०७६ साल असोज २६ गते आलमलाई पक्राउ गरिएको थियो । राजपुर बम बिस्फोटन सम्बन्धी घटनामा १७ बर्ष पछि जिल्ला अदालत रौतहटबाट बिहीबार आलम सहित चार जनालाई जन्म कैदको फैसला सुनाएको छ।

जिल्ला अदालतका एक नम्वर इजलाशका न्यायाधीश मातृका प्रसाद आचार्यको इजलासले साँझ फैसला सुनाएको छ। गत सोमवारदेखि पक्ष र विपक्षबाट सुरु भएको बहस बिहीबार दिउँसो सकिएको थियो।

बादी पक्षबाट तीन जना र प्रतिवादीको तर्फबाट ९ जना गरी १२ जना वकिलले बहस गरेको रौतहट जिल्ला अदालतका श्रेस्तेदार उद्धव ढुंगानाले जानकारी दिए । बहस सकेपछि आलम, उनका भाई महताव आलम, साह र सहनीलाई जन्म कैद र सेराजलाई सफाइ दिइएको तथा फरार रहेका ६ जनालाई मुल्तवीमा राखिएको फैसला भएको उनले बताए।


फाइल फोटो

कांग्रेसका नेता आलम र उनका भाई महताव आलम सहित ११ जनाविरुद्ध २०७६ साल कात्तिक १८ गते अदालतमा मुद्दा दायर गरिएको थियो । विस्फोटक पदार्थ बम समेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान सम्बन्धी कसुर मुद्दाको फैसला चार वर्षपछि आएको छ।

वादी पक्षबाट सरकारी वकिल कार्यालयका पुष्पराज पौडेल, वद्री कार्की र दयानिधि रिजालले बहस गरेका थिए। वरिष्ठ अधिवक्ता एवं पुनरावेदन अदालतका पूर्व मुख्य न्यायाधीश मोहम्मद साविर हुसेन, बारका अध्यक्ष गोपालकृष्ण घिमिरे, अजय पटेल, अफताव आलम, यदुनाथ खनाल, मजरुल हक, लालबाबु यादव र अनन्त अधिकारीले प्रतिवादीहरुको तर्फबाट बहस गरेका थिए।

२०६४ सालको संविधानसभा निर्वाचनको पूर्व सन्ध्यामा रौतहट जिल्लाको राजापुरमा बम विस्फोट भएको थियो।त्यस विष्फोटमा घाइते भएकाहरुलाई पोल खुल्ने डरले जिउँदै ईँटा भट्टामा हालेर जलाएको आरोप वादी पक्षले लगाएर मुद्दा दर्ता गराएका थिए । तर मुद्दाको अन्तिम किनारा लगाउन पटक पटक पेशी सर्दै आएको थियो।

रौतहटको राजपुरमा २०६४ चैत २७ गते बम बिस्फोट भएपछि घाइतेहरूलाई जिउँदै ईँटाभट्टामा हालेको आरोप आलममाथि लागेको थियो।

तत्कालीन अवस्थामा रौतहट क्षेत्र नम्बर २ बाट निर्वाचित आलमविरूद्ध प्रहरीले १४ जनाको हत्या गरेको अभियोगमा मुद्दा चलाएको थियो । बम बिष्फोटपछि भएको चुनावमा आलम निर्वाचित भएका थिए। सो घटनालाई ढाकछोप गर्न तत्कालीन प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरीका एसपी र सशस्त्र प्रहरीका एसपीले सघाएको समेत आरोप लागेको थियो।

बिष्फोट भएको १२ वर्षपछि अदालतमा दर्ता भएको मुद्दाको फैसला झण्डै ५ वर्षपछि भएको छ । घटनामा अधिकांश भारतीय नागरिक सहित केही स्थानीयको ज्यान गएको थियो । घाइतेहरुलाई ट्र्याक्टरमा लोड गरी ईट्टा भट्ठाको गोलमा हालिएको थियो।

घटनाका पीडित र साक्षी समेतको हत्या भएको थियो। मुद्दा गर्ने र साक्षी भएकाको समेत हत्या गरी मुद्दालाई कमजोर बनाउने प्रयास गरिएको थियो । आलमलाई पक्राउ गरिएको बिरुद्ध कांग्रेसले सदरमुकाम गौरमा सशक्त प्रदर्शन गरेका थिए।

रौतहट जिल्लामा आलमको राजनीतिक सम्राज्यको अन्त्य भएको छ। पछिल्लो पटक भएको स्थानीय चुनावमा आलमका छोरा मेयरमा पराजित भएका थिए । आलमले छोरालाई राजनीतिमा ल्याएका छन् ।

नेता आलम अहिले केन्द्रीय कारागारको थुनुवा कक्षमा कैदीबन्दी सरह जीवन व्यतीत गर्दै आएका छन्।

सर्वोच्च अदालतले बुधवार गौरको चर्चित हत्याकाण्डमा कारण देखाउ आदेश जारी गरेको थियो । जिल्ला अदालतको फैसलाले ढिलैभए पनि न्याय भएको स्थानीय बासिन्दाहरुले जनाएका छन्।








**सुनसरीको इनरुवास्थित** बिहीबार हटियामा बिक्रीका लागि राखिएका बाँसको चोयाबाट बनेका ढाकी । ढाकीको आकार हेरेर तीन सयदेखि पाँच सय रुपियाँसम्ममा बिक्री हुने व्यापारी बताउँछन् । *तस्बिर : रासस*

# हरिपूर्वामा आगोले चार घर नष्ट



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपूर्वा नगरपालिका-५ धोवीनियामाा आगलागी भएको छ । आगोले जलेर बिहीबार चार घर नष्ट भएका छन् ।

स्थानीय गिरीधारी यादव, शिवधारी यादव, किशोरी बैठा र मोहावी रायको घर आगोले जलेर खरानी भएको छ । अन्य केही घरमा आंशिक क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए । स्थानीयका अनुसार शिवधारी यादवको छोरीको बिहीबार विवाह हुँदै थियो । सोही क्रममा एक्कासी आगलागी भएको थियो । आगलागीबाट विवाहका लागि ल्याएको लत्ता कपडा, अन्नपात, भाँडावर्तनलगायत सामग्री जलेर नष्ट भएको छ ।


स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको सहयोगमा आगो निभाइएको छ । आगो निभाउन बारुणयन्त्र प्रयोग गरिएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए । आगलागीबाट भएको क्षतिको प्रहरीले विवरण सङ्कलन गरिरहेको छ ।

# विद्यालयमा डिजिटल स्मार्ट बोर्ड

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकाले नगरभित्रका तीनवटा विद्यालयमा डिजिटल स्मार्ट बोर्ड जडान गरेको छ । नगरपालिकाको आन्तरिक स्रोतबाट सुरुमा तीनवटा माध्यमिक विद्यालयमा एक-एक थान स्मार्ट बोर्ड जडान गरिएको छ ।

पहिलो चरणमा हरिवन-२, अत्रौलीमा रहेको रामअवतार माध्यमिक विद्यालय, हरिवन-८ पुरानो बजारमा रहेको महादेव जनता नमुना माध्यमिक विद्यालय र हरिवन-१०, सुखेपोखरीमा रहेको चतुर्भुजेश्वर जनता माध्यमिक विद्यालयमा डिजिटल स्मार्ट बोर्ड जडान गरिएको हरिवन नगरपालिकाको शिक्षा शाखाका प्रमुख रुस स्टालिन चौलागाईंले जानकारी दिए । शिक्षा अधिकृत चौलागाईंका अनुसार यी स्मार्ट बोर्ड तत्काल माथिल्लो कक्षाका विद्यार्थीलाई अध्यापन गराउन प्रयोग गरिने छ । स्मार्ट बोर्डबाट लेखेका विषयवस्तु सेभ गर्न मिल्ने, भिडियो पनि देखाउन मिल्ने भएकाले निकै उपयोगी साबित हुने शाखा प्रमुख चौलागाईंले बताए ।




उनले नगरका अन्य विद्यालयमा पनि क्रमैसँग डिजिटल स्मार्ट बोर्ड जडान गरेर पठपाठन गराउने उद्देश्य रहेको बताए ।

डिजिटल स्मार्ट बोर्डबाट पठनपाठन गराउने कार्यको बुधबार महादेव जनता माध्यमिक विद्यालय पुरानो बजारमा नगरप्रमुख रमेश बुढाथोकी (कमल) को प्रमुख आतिथ्यतामा उद्घाटन गरिएको छ ।

# सपोर्ट नेपालद्वारा राहत वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । सपोर्ट नेपालले महोत्तरीको मटिहानी नगरपालिकामा आगलागी पीडितहरुलाई राहत वितरण गरेको छ । मटिहानी नगरपालिका वडा नं ६ स्थित जरलहवा वस्तीमा आगलागीबाट पीडित सयभन्दा बढी परिवारलाई राहत वितरण गरिएको हो ।




सपोर्ट नेपालले झुल, तन्ना, गम्छा, साबुन, सेनिटरी प्याड, मन्जन , ब्रस, ग्लुकोज, विस्कुट नुन लगायतका राहत सामाग्री वितरण गरेको हो । राहत वितरणमा मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल, नगरपालिकाका वडा अध्यक्षहरु, सपोर्ट नेपालका अध्यक्ष रोशना खड्का कर्ण लगायतको उपस्थिति रहेको थियो । बुधबार मटिहानी नगरपालिका वडा नं। ६ स्थित जरलहवा गाछीमा रहेको स्तीमा भएको आगलागीमा डेढसय भन्दा बढी घर जलेर नष्ट भएका थिए ।

# दलका कार्यसमितिको विवरण उपलब्ध गराइदिन शिक्षा मन्त्रालयको अनुरोध

**काठमाण्डु** । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दलीय आबद्धता भएका शिक्षकहरूलाई कारबाही गर्न सहजताका लागि निर्वाचन आयोगसँग राजनीतिक दलका कार्यकारिणी समितिको विवरण माग गरेको छ । राजनीतिक दलका केन्द्रीय, प्रदेश र जिल्ला तहका सबै कार्यकारिणी समितिमा रहेका पदाधिकारीहरूको विवरण माग गरी निर्वाचन आयोगमा पत्राचार गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ ।




शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको सचिवालयले दलीय आबद्धता भएका शिक्षकको विषयमा परेका उजुरीको विवरण यकिन गरी कारबाही अघि बढाउन आयोगको अभिलेखमा भएको दलका कार्यसमितिको विवरण मागिएको जानकारी दिएको हो ।

> शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको सचिवालयले दलीय आबद्धता भएका शिक्षकको विषयमा परेका उजुरीको विवरण यकिन गरी कारबाही अघि बढाउन आयोगको अभिलेखमा भएको दलका कार्यसमितिको विवरण मागिएको जानकारी दिएको हो ।

निर्वाचन आयोगबाट विवरण प्राप्त भएपछि मन्त्रालयले आफूसँग भएको शिक्षक, कर्मचारीको विवरण र राजनीतिक दलका कार्यकारिणी समितिका पदाधिकारीको विवरण हेर्ने सचिवालयले बताएको छ ।

शिक्षक, कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिमा बसेको पाइएमा शिक्षा ऐनअनुसार पदबाट हटाउनेसम्मको कारबाही प्रक्रिया अगाडि बढाउने मन्त्री श्रेष्ठले चेतावनी दिँदै आएका छन् । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारिणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको जस्ता विषय उल्लेख गरी मन्त्रालयमा उजुरी र गुनासो प्राप्त भएको सचिवालयले जनाएको छ ।

विगतमा सम्मानित उच्च अदालतबाट राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु/गराउनु भनी शिक्षा मन्त्रालयलगायतका विपक्षीका नाममा परमादेशको आदेश भएको थियो ।

मन्त्री श्रेष्ठले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग छलफल गरेर उक्त फैसला कार्यान्वयनका लागि निर्वाचन आयोगको सहयोग मागेका थिए । यसअघि नै मन्त्रालयले राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेका शिक्षक/कर्मचारीलाई कारबाही गर्न जिल्लास्थित सबै शिक्षा विकास तथा समन्वय एकाइलाई पत्र पठाइसकेको जानकारी दिएको छ । कतिपय जिल्ला एकाइहरूले पत्राचारअनुसार कारबाही पनि अघि बढाइसकेको बताइएको छ ।

प्रचलित कानुन र अदालतको आदेशसमेतका आधारमा दलको कार्यकारिणी समितिमा रहेका शिक्षकलाई पदबाट हटाई सोको जानकारी मन्त्रालयमा गराउने र यस्तै प्रकृतिका थप उजुरी निवेदनको सम्बन्धमा समेत निरन्तर कारबाही गर्न मन्त्रिस्तरीय निर्णयसमेत भइसकेको छ ।

# निजी क्षेत्रलाई उत्साहित बनाउन सरकारले निर्णय लिने अर्थमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले निजी क्षेत्रलाई उत्साहित बनाउन केही महत्वपूर्ण निर्णय गर्नुपर्ने अवस्था आएको बताएका छन् । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका विषयमा विहिबार अर्थविद्हरुसँग परामर्श गर्दै उनले निरुत्साहित अवस्थामा रहेको निजी क्षेत्रको मनोबल उठाउने गरी निर्णय लिइने उल्लेख गरे ।

श्रोतमा परेको चापका कारण सरकारले कडा खालका नीति अबलम्बन गर्नुपरेको र निजी क्षेत्रले खुकुलो वातावरण चाहेका कारण सन्तुलन मिलाउन चुनौती रहेको अर्थमन्त्री पुनको भनाइ छ । “अर्थतन्त्रमा केही सुस्तता छ । आम नागरिक र मुख्यगरी युवाले सरकारसँग धेरै अपेक्षा गरेका छन् । निरुत्साहित अवस्थामा रहेको निजी क्षेत्रलाई उत्साहित बनाउन अब केही बोल्ड निर्णय गर्नुपर्ने छ”, उनले भने ।

अर्थमन्त्री पुनले बजेट बनाउनुअघि सरकारले सम्बद्ध सबै पक्ष र क्षेत्रको सुझाव लिने उल्लेख गरे । सरकार वा मन्त्री परिवर्तन हुँदैमा मुलुकका नीतिमा परिवर्तन गर्न नहुनेमा जोड दिँदै उनले विगतका मन्त्रीका असल अभ्यासलाई निरन्तरता दिने प्रतिबद्धतासमेत जनाए ।

पूर्वबजेट छलफलमा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र विभागका प्रमुख डा रेशम थापा, विभागका पूर्वप्रमुख डा रामप्रसाद ज्ञवाली, त्रिभुवन विश्वविद्यालयका पूर्वरेक्टर तथा प्राडा शिव भुसाल, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक सञ्जय आचार्य, विश्व बैंकको मुख्यालयमा कार्यरत अर्थशास्त्री गोविन्द तिमिल्सिना, अर्थशास्त्री एवम् नेकपा (एकीकृत समाजवादी) का नेता डा विजय पौडेल, पूर्व अर्थसचिव कृष्ण घिमिरेलगायत सहभागी थिए ।

आगामी आर्थिक वर्षको बजेटमा कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधिलगायत क्षेत्रलाई प्राथामकितामा राख्न अर्थविद्हरुले सुझाव दिएका छन् । कार्यान्वयन हुन नसक्ने महत्वाकांक्षी र ठूलो आकारको बजेट नबनाउन तथा बिना तयारीका आयोजनामा बजेट विनियोजन नगर्न पनि उहाँहरुबाट सुझाव आएको छ । सरकारी विनियोजनले रोजगारी सिर्जना गर्नुपर्नेमा पनि अर्थविद्हरुले जोड दिएका छन् ।

पूर्वबजेट छलफल कै क्रममा अर्थमन्त्री पुनले बुधबार सात पूर्वअर्थमन्त्रीसँग सुझाव लिएका थिए । पूर्वअर्थमन्त्रीहरुले पनि ठूलो आकारको बजेट कार्यान्वयन नहुने भन्दै यथार्थपरक बजेट ल्याउन सुझाव दिएका थिए ।

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## भन्सार छलीको कपडासहित ट्र्याक्टर र पिकअप प्रहरी नियन्त्रणमा

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सा प्रहरीले भन्सार छलीका कपडासहित मालवाहक ट्र्याक्टर र पिकअप नियन्त्रणमा लिएको छ।

वीरगञ्जको आइसीपीबाट प्रहरीले ४० लाख ३६ हजार मूल्य बराबरको भन्सार छलीका कपडा नियन्त्रणमा लिएको जानकारी दिएको छ।

आइसीपीबाट वीरगञ्जतर्फ आउँदै गरेको मालवाहक ट्र्याक्टर र पिकअपबाट बिल विजकभन्दा बढी लोड रहेको कपडा बरामद गरिएको पर्सा प्रहरी प्रवक्ता कुमारविक्रम थापाले जानकारी दिए।

बरामद गरिएका कपडासहित मालवाहक ट्र्याक्टर र पिकअप आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा पठाइएको प्रहरीले बताएको छ।

# राहत वितरण

**टुडे समाचारदाता**



जनकपुरधाम। जनकपुरधामको न्यूरो हस्पिटल तथा रिसर्च सेन्टरले महोत्तरीको मटिहानीमा आगलागीबाट पीडितहरुलाई राहत सामग्री वितरण गरेको छ। न्यूरो हस्पिटलले बिहीबार मटिहानी नगरपालिका वडा नं. ६स्थित जरलहवा वस्तीका अग्निपीडित परिवारलाई राहत सामग्री वितरण गरेको छ।

अस्पतालका संचालक डा. विजय राउतको नेतृत्वमा पुगेको टोलीले पीडितहरु साडी, गम्छा, चामल, विस्कुट लगायतका राहत सामग्री वितरण गरिएको छ। जरहवा वस्तीका आगलागीबाट पीडित १ सय १० भन्दा बढी परिवारलाई राहत सामग्री वितरण गरिएको छ। पीडित परिवारलाई सो राहत सामग्री मटिहानी नगरपालिका नगरप्रमुख हरिप्रसाद मण्डललाई हस्तान्तरण गरेका थिए। उनले आफ्नो नगरको आगलागी पीडितलाई अस्पतालले गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गरेका थिए।

अस्पतालका सञ्चालक राउतले यो विपदको घडीमा सबैले पीडितका लागि सहयोगी हात आगाडि बढाउनु पर्छभन्ने अभिप्रायले हामीहरुले समेत सहयोगी भावनाका साथ राहत सामाग्री वितरण गरेको बताए। उनले अन्य सहयोगी हातहरुलाई समेत आगलागीबाट पीडितहरुको सहयोगका लागि अगाडि आउन आह्वान गरे।

अस्पतालका संचालिका विभा राउत, चेयरमैन अजय राउत, सूचना अधिकारी संजय मण्डल लगायतका टोलीले राहत हस्तान्तरण गरेका थिए। बुधबार मटिहानी नगरपालिका वडा नं. ६ स्थित जरलहवा गाछीमा रहेको बस्तीमा भएको आगलागीमा एक सय भन्दा बढी घर जलेर नष्ट भएको थियो।

# श्रम मन्त्री लुङ्गेलीद्वारा पदभार ग्रहण

**टुडे समाचारदाता**



जनकपुरधाम। मधेश प्रदेश सरकारका बिना विभागीय मन्त्री बेची लुङ्गेलीले श्रम तथा यातायत मन्त्रालयको पदभार ग्रहण गरेकी छन्।

श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी पाएलगत्तै उनले मन्त्रालयमा पुगेर कार्यभार समेत सम्हालेकी छन्।

मुख्यमन्त्री सरोजकुमार यादवले एक साता अघि नेकपा एकीकृत समाजवादीकी सांसद लुङ्गेलीलाई बिना विभागीय मन्त्री बनाएको थियो। सत्ता गठबन्धनमा भएको छलफल र सहमति अनुसार उनलाई बिहीबार श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिइएको छ।

मन्त्रालयको कार्यभार सम्हाल्दै मन्त्री लुङ्गेलीले वैदेशिक रोजगारीमा ठूलो संख्यामा मधेशबाट जनशक्ति पलायन भइरहेकाले त्यसलाई व्यवस्थित, सुरक्षित र सीपमूलक दक्षता बृद्धि तर्फ काम गर्ने बताइन्।

मधेश प्रदेशमा नेकपा एसले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय गरी दुई वटा मन्त्रालय पाएको छ।

सोही दलका संसदीय दलका नेता गोविन्द न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री छन्। नेकपा माओवादी केन्द्रबाट बिना विभागीय मन्त्रीमा नियुक्त भएका भरतप्रसाद साहलाई अझैसम्म पनि मन्त्रालयको जिम्मा दिइएको छैन।

मुख्यमन्त्री यादवले आफूसँगै रहेको वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी साहलाई दिन तयार रहेपनि उनले अर्थ मन्त्रालय ताकिरहेका छन्। तर मुख्यमन्त्री यादवले विना विभागीय मन्त्री साहलाई भने अर्थ मन्त्रालय दिने अवस्थामा छैन।

# बलान नदीको स्थलगत अवलोकन

**टुडे समाचारदाता**



राजविराज। बलान नदीको बाँध भत्किएको कारण मल्हनियाँ गाउँ उच्च जोखिममा छ। सप्तरीको बलानबिहुल गाउँपालिका वार्ड नं. १ स्थित बलान नदीको करिब आठ सय मिटर बाँध भत्केकोले मल्हनियाँ गाउँ उच्च जोखिममा रहेको छ।

बाँध भत्केकै कारण मल्हिनियाँ गाउँसँगै त्यस क्षेत्रका खेतीयोग्य जमिन कटान गरी बालुवा पुर्ने सम्भावना पनि उच्च छ। गत वर्षको बाढीमा कटान गरिएको त्यस ठाउँको बाँध सुक्खायाममै मर्मत सम्भार वा पुनर्निर्माण नगरेमा आउँदो वर्षायाममा मल्हनियाँ गाउँवासीलाई बाढीजन्य सङ्कट आउन सकिने सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले बताए।


जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी थापाको नेतृत्वमा बिहीबार सुरक्षा निकायका प्रमुख, सिँचाइ कार्यालयका सङ्घ र प्रदेश मातहतका प्रमुखहरू, बलानविहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव, वार्ड अध्यक्षलगायत स्थानीयहरूको सहभागिता बलानविहुल अन्तर्गत मनसुनजन्य विपद् जोखिम स्थलहरूको अवलोकन निरीक्षणको क्रममा उक्त जोखिमहरूको बारेमा जानकारी गराइएको थियो।

गत वर्ष बलानविहुल गापा वार्ड नं ४ स्थित बलान नदीको स्पर भत्केर बेल्ही गाउँमा बाढी पसेको थियो। जसले केही घर र धान खेती समेत डुवान भएको थियो। उक्त स्थानमा पुनः कामलाई निरन्तरता दिई पुनः स्पर जोगाउन तदारुकता दिन अनुगमन निरीक्षण टोलीले सुझाएका छन्।

त्यसैगरी, वार्ड नं १ स्थित बलान नदीमा भत्केको आठ सय मिटर बाँध पुन निर्माण गरी परम्परागत सिँचाइलाई व्यवस्थित गरेर आधुनिक बनाउन सकिए नदीबाट हुने जोखिम कम गर्न सकिने अनुगमन टोलीले ठहर गरेको छ।

# उन्नाइस करोडको तरकारी बिक्री

**टुडे समाचारदाता**



मलंगवा। सर्लाहीको लालबन्दीस्थित थोक तरकारी बजारमा किसानले दुई महिनामा १९ करोड बढीको तरकारी बिक्री गरेका छन्।

कृषि थोक बजार व्यवस्थापन समितिका अनुसार लालबन्दी-७, डुमडुमेस्थित तरकारी बजारबाट फागुन र चैत महिनामा किसानले बिक्री गरेको १९ करोड बढीको तरकारी बाहिरी बजारमा निकासी भएको छ।

फागुन महिनामा मात्रै लालबन्दी तरकारी बजारबाट १० करोड सात लाख ५६ हजार ८७ रुपैयाँको तरकारी अन्यत्र निकासी भएको छ।

किसानले फागुन महिनामा गोलभैंडा मात्रै चार करोड ७३ लाख ४२ हजार ८८७ रुपैयाँ र सिमी एक करोड ५७ लाख ३६ हजार ८७५ रुपैयाँको बिक्री गरेका छन्।

फागुन महिनामा हरियो खुर्सानीबाट ७१ लाख ४६ हजार रुपैयाँ, काउलीबाट ४५ लाख ९३ हजार ७ सय ५० रुपैयाँ, बन्दाबाट २६ लाख ६२ हजार दुई सय रुपैयाँ, भिन्डीबाट ११ लाख ७३ हजार रुपैयाँसहित अन्य हरियो तरकारी बिक्रीबाट किसानले राम्रो आम्दानी गरेका छन्।

त्यस्तै चैत महिनामा लालबन्दी बजारमा किसानले नौ करोड १८ लाख ८३ हजार ४२५ रुपैयाँको तरकारी बिक्री गरेका छन्। चैत महिनामा पनि सबैभन्दा धेरै गोलभैंडा मात्रै चार करोड ४२ लाख दुई हजार छ सय रुपैयाँको बिक्री भएको छ।

यो महिनामा किसानले एक करोड नौ लाख ७५ हजार पाँच सय रुपैयाँको सिमी, ६४ लाख ३० हजार रुपैयाँको हरियो खुर्सानी, ४३ लाख ४८ हजार १२५ रुपैयाँको भान्टा, २५ लाख ७० रुपैयाँको परबरसहित अन्य हरियो तरकारी बेचेका छन्।

लालबन्दी बजारमा किसानले ल्याएर बिक्री गर्ने तरकारी अहिले काठमाण्डुको कालीमाटी र बल्खु तरकारी बजारसहित नारायणघाट, पोखरा, गौर, मलङ्गवा, जनकपुरधाम, सिन्धुलीसहित पहाडी जिल्ला ओखलढुङ्गा र सोलुखुम्बुसम्म पनि पुग्ने गरेको कृषि थोक बजार व्यवस्थापन समितिका व्यवस्थापक शम्भुप्रसाद घिमिरेले जानकारी दिए।

लालबन्दी बजारमा सर्लाहीको आधा दर्जनभन्दा बढी पालिका र महोत्तरीको बर्दिबास तथा गौशाला नगरपालिकाका किसानले समेत आफूले फलाएको तरकारी ल्याएर बिक्री गर्ने गरेका छन्।

# हात्तीपाइलेविरुद्ध साझा अभियान

टुडे समाचारदाता

जलेश्वर। मान्छेलाई अशक्त, अपाङ्ग र कुरुप बनाउने घातक रोग हात्तीपाइले (फइलेरिया) विरुद्ध महोत्तरीमा सङ्गठित र साझा अभियान थालिएको छ। वैशाख १६ गते आइतबारदेखि हात्तीपाइले रोग निवारणका लागि सुरु गरिने १० दिने 'आम औषधि सेवन अभियान' मा कोही नछुटून् भन्ने अभिप्रायले यसलाई सङ्गठित र साझा अभियान बनाइएको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। यस अभियानमा स्वास्थ्य सेवा प्रदायक सबै संस्था, स्थानीय प्रशासन, स्थानीय तह र सामाजिक सङ्घसंस्थाबीच समन्वय गरी साझा संयन्त्र बनाएर अभियान सफल बनाइने स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख स्वास्थ्य प्रशासक सुनिता गुप्ताको भनाइ छ।

अभियानको सफलताका लागि जिल्लाका १५ वटै स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी र स्वयं सेवकलाई बस्तीबस्तीका घरघर पुगेर औषधि खुवाउने तरिकाबारे अभिमुखीकरण गरिएको कार्यालयले जनाएको छ। यसैगरी अभियानको पूर्ण सफलताका लागि वडा तहसम्म स्थानीय जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका अगुवा, सञ्चारकर्मी र स्वास्थ्य सेवा प्रदायक संस्था आबद्ध व्यक्तिको साझा प्रयत्न अभियानमा जोडिएको प्रमुख स्वास्थ्य प्रशासक गुप्ताको भनाइ छ।

"यसपालि औषधि सेवनमा एकजना पनि नछुटून् भन्ने ध्येयसाथ योजना बनाएर काम भएको छ, अभियानमा खटिएका स्वास्थ्यकर्मीले व्यक्ति व्यक्तिलाई भेटेर आफ्नै अगाडि औषधि खुवाउने छन्", गुप्ताले भने, "यसका लागि कुनै घरमा पटकपटक पुग्नुपरे पनि स्वास्थ्यकर्मी पुग्नेछन्।" घरका सदस्यको गणनामा औषधि छोडिँदा सबैले नखाइदिने र बेवास्ता गर्ने विगत अनुभवले यसपालि स्वास्थ्यकर्मीले आफ्नै अगाडि खुवाउने व्यवस्था मिलाइएको गुप्ताको भनाइ छ।

मुलुकका सात हात्तीपाइले निवारण हुन नसकेका जिल्लामध्ये महोत्तरी परेपछि यसविरुद्ध प्रभावकारी नतिजा निकाल्न यसपालि आम औषधी सेवन अभियानमा जनजन परिचालित गर्न खोजिएको कार्यालयले जनाएको छ। अभियानको सफलताका लागि वडा तहसम्म सम्बद्ध पक्षबीच चरण-चरणका छलफलले योजना बनेका छन्। दुई वर्ष उमेर पुगेका सबैलाई उनीहरुको उचाइ मापन गरी आवश्यक मात्राको औषधि दिन अभियानमा खटिने स्वास्थ्यकर्मी र स्वयंसेवकलाई प्रशिक्षित गरिएको गुप्ताको भनाइ छ। यस अभियानमा दुई वर्ष उमेर नपुगेका, गर्भवती महिला, सात दिनभित्रका सुत्केरी, अस्पतालमा भर्ना भएका बिरामी, छारे रोग भएका, दीर्घरोगी र निरन्तर डायलायसिस गर्नु परिरहेका स्वास्थ्य समस्याका बाहेक सबैलाई औषधी खुवाइने छ। यस अभियानअन्तर्गत यसपालि जिल्लाका सात लाख १६ हजार दुई सय६४ जनालाई औषधि खुवाइने गुप्ताले जानकारी दिए।

> वैशाख १६ गते आइतबारदेखि हात्तीपाइले रोग निवारणका लागि सुरु गरिने १० दिने "आम औषधि सेवन अभियान" मा कोही नछुटून् भन्ने अभिप्रायले यसलाई सङ्गठित र साझा अभियान बनाइएको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ।

मधेशका आठ जिल्लामध्ये महोत्तरी, धनुषा, सर्लाही र रौतहटसमेत चार जिल्लामा हात्तीपाइले रोगका बिरामी भेटिएपछि यीसहित मुलुकका कुल सात जिल्लामा यसविरुद्ध अभियान थालिएको छ। मधेशका बाहेक तराईका झापा र कपिलवस्तु एवं हिमाली जिल्ला रसुवामा सरकारले यो अभियान सञ्चालन गर्दैछ। राष्ट्रिय अभियानअन्तर्गत प्रत्येक वर्ष हात्तीपाइले निवारणका लागि औषधि सेवन गराइँदै आइए पनि महोत्तरीमा रोग फैलने क्रम पाइएको छ। गत वर्ष औषधि सेवन गराएपछि रक्त नमुना सर्वेक्षणमा जिल्लामा हात्तीपाइले बढ्दो समस्याका रूपमा पहिचान भएको छ।

जिल्लाको मटिहानी नगरपालिकाका छ सय व्यक्तिमा रगत परीक्षण गरिँदा २१ जनामा हात्तीपाइले देखिएपछि यसपटक जिल्लामा कोही नछुट्ने गरी औषधि सेवन गराउने तयारी गरिएको हो। मटिहानीमा छ सय जनामा गरिएको रक्त परीक्षणको सर्वेक्षण नतिजाले डरलाग्दो अवस्था देखिएको स्वास्थ्यकर्मीको भनाइ छ। हात्तीपाइले शारीरिक रूपमा अशक्त, अपाङ्ग र कुरुप बनाउने सरुवा रोग हो। सङ्क्रमण भइसकेर पनि वर्षौंसम्म यसका लक्षण नदेखिने भएको हुँदा अन्यमा चाँडै सर्ने सम्भावना रहन्छ। क्युलेक्स लामखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्छ। औषधि सेवनले रोग निको हुने र अन्यमा नसर्ने हुँदा अहिले औषधि सेवनको प्रभावकारितामा जोड दिइएको छ।


औषधि सेवन गर्दा कसैकसैलाई वाकवाकी लाग्ने, रिङ्गटा लाग्ने, वान्ता आउने र ज्वरो आउने पक्ष औषधिको सेवनले शरीरमा भएका रोगका परजीवी नष्ट हुने क्रम भएको स्वास्थ्यकर्मीले स्पष्ट पारेका छन्। तसर्थ हात्तीपाइलेविरुद्धको आम औषधि सेवन अभियानमा सरिक भइ आफू खाने र अरुलाई खान उत्प्रेरित गर्न स्वास्थ्य कार्यालय महोत्तरीले आम जिल्लावासीसँग अपिल गरेको छ।

**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
## कृषि ज्ञान केन्द्र धनुषा
### सच्चाइएको

जनकपुर टुडे को मिति २०८१ बैशाख १२ गते को प्रकाशित अंकमा स्यालो ट्यूबेल सम्बन्धि सूचनामा ६० मिटर गहिराई हुनु पर्नेमा १५० मिटर हुन गएकोमा सच्च्याइएको छ।

**कार्यालय प्रमुख**





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# आगलागी रोकौं

चैत देखि जेठ महिना सम्म तराई मधेशमा गर्मी बढने गर्छ । हावाहुरी पनि चल्छ । हावा अत्यधिक तातो हुने गरेकाले प्रायःसबै वस्तु सुकेको जस्तो हुन्छ । वर्षा प्रायः नहुने र गर्मी बढने भएकाले आगोको सानो झिल्कोले छिनभरमै बस्तीलाई खरानी बनाउँछ । हरेक वर्ष आगलागीबाट जनधनको ठूलो क्षति हुने गरेकोछ । आगलागीबाट भारी क्षति हुने भए पनि आगोको काम गर्नैपर्ने बाध्यता पनि छ । आगलागीबाट जोगिन सचेत हुनुको बिकल्प पनि छैन् । आगो बाल्दा, बिजुलीवतीको प्रयोगगर्दा, ग्यासको प्रयोगगर्दा अथवा आगो उत्पन्न हुन सक्ने वस्तुहरुबारे अत्यन्त सावधान हुनुपर्छ । सानो लापरबाहीले अपुरणीय क्षति हुने गरेकोबाट पाठ सिक्नु पर्छ । चुरोट, बिडी, घुरधुँवा, फोहर जलाउने लगायतको कामगर्दा अत्यन्त सावधानी अपनाउनु पर्छ । खरको छाना भएको घर, जस्तापाता, एलबेस्डर लगायतका घरहरुमा मात्र नभई पक्की घरहरुमा पनि हावाहुरी चल्नु भन्दा अगावै खाना पकाउने काम सक्नु पर्छ । सक्दो बिहान सबेरै आगोबाट गरिने काम गरिहाल्नु पर्छ । बिजुलीको उपकरणहरु प्रयोगगर्दा लामो समय सम्म निरन्तर गरिनु हुँदैन् । बीचबीचमा उपकरणहरु बन्द गर्नुपर्छ । सलाई, लाईटर जस्ता आगो बल्ने सामानहरु बच्चाहरुको पहुँच भन्दा टाढा राख्नु पर्छ । आगो जीवन हो भने आगो विनासको कारक पनि हो । एकजनाको लापरबाहीले बस्ती नै खरानी हुनसक्छ । आगलागीबाट भइरहेको जनधनको क्षति रोक्न हरेक व्यक्ति जिम्मेवार हुनुपर्छ । आगोको प्रयोग गरिसकेपछि त्यसलाई अत्यन्त सावधानी पूर्वक पूर्ण रुपमा निभाउनु पर्छ । दाउरा, गोइठाको आगो निकै बेर रहिरहने भएकाले काम सकिनासाथ पूर्ण रुपमा होसियारी साथ निभाउनु पर्छ । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाको जरलहवा गाछी टोलमा भएको आगलागीमा १ सय १५ घर जल्न धेरै बेर पनि लागेन् । कसरी आगो सल्केको त्यो भने खुलाउन कसैले चाहेनन् । तर जसको घरबाट आगो सल्केका थियो । त्यहाँ आगोबाट काम भएकै हुनुपर्छ ।एकजनाको लापरबाहीले एउटा बस्ती नै केही घण्टा भित्र खरानीमा परिणत भयो । त्यो क्षतिलाई पूर्ती गर्न कयौं वर्ष ती बस्तीका बासिन्दाहरुले दिनराति मिहिनेत गर्नुपर्ने छ । जरलहवा टोलमा भएको आगलागीलाई नियन्त्रण गर्न झण्डै आधा दर्जन वारुणयन्त्र पुगेको थियो । सुरक्षाकर्मी र स्थानीयबासिन्दाहरुले गरेको कार्यको जति प्रशंसा गरे पनि कमै हुनेछ । अहिले बारुणयन्त्र लगायतका आगो नियन्त्रक उपकरणहरुलाई पूर्ण रुपमा चालित राख्नु पर्छ । पानीको स्रोतहरुलाई सुकाउनु हुँदैन् । विपद् व्यवस्थापनको तालिम प्राप्त सुरक्षाकर्मीहरुलाई सतर्क अवस्थामा राखिनु पर्छ । आगलागीबाट आफूपनि जोगौ र अरुलाई पनि जोगाऔं ।

## मनमोहन अधिकारीको २५औँ स्मृति दिवस सन्दर्भः

# राजनेता मनमोहन अधिकारीलाई सम्झिँदा



ईश्वर पोखरेल

मनमोहन अधिकारी नेपालको कम्युनिष्ट पार्टीभन्दा पनि जेठा कम्युनिष्ट नेता हुनुहुन्छ । २००४ सालभन्दा पहिले नै भारतीय स्वतन्त्रता संग्राममा उहाँ सहभागी हुनु भएको थियो । मनमोहन अधिकारीमा सानो उमेरदेखि नै राजनीतिक चेतना जागृत भएको थियो । चन्द्र शम्शेरको प्रधानमन्त्री हुँदा कालमा राणाविरोधी गतिविधि बढ्दै जाँदा पिता रामचन्द्र अधिकारीलाई निर्वासनको सजाय दिइएपछि उहाँ बुबासँगै निर्वासनमा भारत जानुभएको थियो । यस क्रममा उहाँ गिरफ्तारीमा पर्नुभयो र भारतीय जेलमा राजवन्दीका रुपमा रहनुभयो । त्यही कम्युनिष्ट पार्टीको सदस्य बन्नु भएको थियो ।

कम्युनिष्ट आन्दोलनमा सहभागी हुन नेपाल आगमन, बिराटनगर जुट मिलमा काम गर्न शुरू गरेको, नेपालका मजदूरहरूलाई संगठित गर्ने कामको प्रारम्भ गर्नेमा उहाँ अगुवा हुनुहुन्थ्यो । मजदूरहरुलाई भड्काएको भन्दै तत्कालीन सरकारले उहाँलाई गिरफ्तार गऱ्यो । उहाँले लामो समय बन्दी जीवन बिताउनुपऱ्यो । यसले गर्दा नेपाल कम्युनिष्ट पार्टी स्थापना हुँदाका बखत (२००६ साल बैशाख १० गते) संस्थापक सदस्य हुन पाउनु भएन । जे होस् नेपालको वाम आन्दोलन, प्रजातान्त्रिक आन्दोलन, मजदुर आन्दोलनमा मनमोहन अधिकारीले अग्रणी नेतृत्वकारी भूमिका निर्वाह गरेर नेपालको राजनीतिमा राजनेताको दर्जा पाउनु भएको छ ।


मनमोहन अधिकारी नेपालको कम्युनिष्ट आन्दोलनभित्रको निरन्तरताको पर्याय हुनुहुन्छ । उहाँ जहिलेदेखि कम्युनिष्ट पार्टीसित सम्बन्धित हुनु भयो त्यसबेलादेखि जस्तासुकै प्रतिकूलताका बीचमा पनि निरन्तरता र सक्रियतामा भने कमी आएन । पार्टीको प्रमुख नेता हुँदा वा शासन सत्तामा रहँदा मात्र होइन, प्रतिकृयावादी सत्ताबाट लखेटिदा र दमनमा पर्दा समेत मनमोहनको आन्दोलनको योद्धा बनिरहनुभयो । समकालीन कतिपय साथीहरुमा राजनीतिक विचलन आउँदा पनि उहाँ सतिसालजस्तै अविचलन रही मुलुकमा कम्युनिष्ट आन्दोलनलाई हाँक्नुभयो ।

उहाँलाई नेपालको कम्युनिष्ट आन्दोलनभित्र देखापर्ने अतिवादको विपक्षमा सँधै उभिरहने दृढ़ व्यक्तित्वको रुपमा सबैले बुझ्ने गर्दछन् । उहाँको स्वभाव र विचारमा समेत नरम भाव थियो । सबैसँग मिलनसार रहने र आफ्नो कुरामा प्रतिवद्ध रहने भएकाले उहाँको राजनीतिक निष्ठा र इमान्दारितालाई सबैले सम्झने गर्दछन् । विरोध र असहमतिका बीच पनि आधारभूत कुरामा भने सधैँ दृढ अडान राख्नुहुन्थ्यो ।

उहाँ दुई-दुई पटक जनताको मतबाट शानदार किसिमले विजयी बनेर सांसद बन्नुभयो । २०५१ को निर्वाचनमा एकैपटक राजधानीका दुई निर्वाचन क्षेत्रबाट ठूलो अन्तरले विजयी बन्नुभयो । नेपालकै इतिहासमा कम्युनिस्ट पार्टी स्थापना भएको ४५ वर्ष पछाडि जनताबाट निर्वाचित भएर सरकार कम्युनिस्ट पार्टीको नेतृत्वमा एकल सरकार गठन भएको थियो । उहाँ सांसद बन्नुभयो, प्रतिपक्षी दलको नेता बन्नुभयो, तर उहाँकै जीवनस्थितिमा खास कुनै परिवर्तन देखिएन । सादापन तथा जनता र कार्यकर्तासितको सम्पर्क-सम्बन्धमा कहीं कसैले कुनै टिप्पणीसमेत गरेको पाइँदैन ।

मनमोहन अधिकारी त्यसैले उहाँलाई कम्युनिष्ट आन्दोलनभित्रको सादगीपूर्ण जीवन बाँच्ने विवादरहीत व्यक्तित्वको रुपमा लिने गरिन्छ । कम्युनिष्ट पार्टीको र सधैँभरि आफूलाई असल मान्छेको रूपमा स्थापित रहनुभयो । उहाँले सत्ताका लागि भनेर मूल्य, मान्यता विपरीत गएर राजनीति गर्न कहिल्यै रुचाउनुभएन । सबैलाई सम्मानपूर्वक ढङ्गले हेर्ने, सद्व्यवहार गर्ने र समस्यामा केन्द्रित भएर छलफल गर्ने तथा निष्कर्षमा पुग्ने र यसका लागि कहीं कतै असहज नमान्ने उहाँको स्वभाव थियो ।

विसं २०५१ को निर्वाचनपछि कुनै पनि दलले स्पष्ट बहुमत नल्याएको र एमालेसबैभन्दा ठूलो दल भएका कारण सरकार बनाउने स्थितिमा पुग्यो । मनमोहन अधिकारी प्रधानमन्त्री बन्नुभयो । यो उहाँको जीवनमा मात्र नभएर नेपालकै कम्युनिष्ट आन्दोलनका लागि युगीन महत्वको घटना थियो । नेपालको राजनीतिमा उहाँ २०५१ सालमा पहिलो कम्युनिष्ट



नेता तर असल मान्छेको रूपमा चिनिन चाहने - बाँचिरहन चाहने व्यक्ति हुनुहुन्थ्यो उहाँ । उहाँ दक्षिण एशियाकै प्रथम कम्युनिष्ट प्रधानमन्त्री तथा नेकपा एमालेका प्रथम अध्यक्षसमेत हुनुहुन्छ । मुलुकको प्रधानमन्त्री पदमा रहँदा वा पार्टीको अध्यक्ष हुँदा उहाँमा कहिल्यै घमण्ड र मपाइँत्व आएन, सादगीपूर्ण जीवनबाट कहिल्यै विचलित हुनुभएन । सँधै आफूलाई नेता वा प्रधानमन्त्रीका रूपमा भन्दा पनि एउटा असल नागरिक / असल मानिसका रूपमा चिनून् , बुझून् भन्ने चाहनुहुन्थ्यो । उहाँ कहिल्यै विवादमा पर्नु भएन प्रधानमन्त्री मात्र बन्नु भएन, आफ्नो कार्यकाललाई जनमुखी र राष्ट्रियताको कसीमा खरोसँग उतार्न सक्षम हुनु भएको थियो । देशको शासन सत्ताले पहिलोपटक सामाजिक सुरक्षाको महत्वपूर्ण नीति र कार्यक्रमहरू लागु गराउन उहाँ सफल हुनुभयो ।

नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भए पनि ४४ वर्षसम्म गाउँमा विकास समानुपातिक हिसाबले पुगेको थिएन । मनमोहनको सरकारले सबै गाउँमा समानुपातिक हिसाबले विकासको लहर सिर्जना गर्न ‘आफ्नो गाउँ आफैं बनाऔं’, ‘नौ स’को अभियानका साथ सिंहदरबार वरिपरि रहने विकासको बजेट रकम सोझै हरेक गाउँमा पठाउन थालेपछि देशव्यापी रूपमा विकासको लहरको सुरुवात भयो । ज्येष्ठ नागरिक, महिला, असहाय र बालबालिकालाई सम्मान गर्दै सामाजिक सुरक्षा सुविधाअन्तर्गत भत्ता र सुविधा दिन थालेपछि मनमोहन अधिकारी ज्येष्ठ नागरिकको समेत अभिभावक भएर राष्ट्रभर परिचित हुनुभयो । त्यसैले त आजपर्यन्त ज्येष्ठ नागरिकले मनमोहनको सम्झना गरिरहेका छन् । वृद्धभत्ता दक्षिण एशियामै सामाजिक सुरक्षाको एउटा नमूना कार्यक्रम बन्यो ।

नेपालको भूराजनीतिक संवेदनशीलताप्रति अति नै संवेदनशील र दीर्घकालीन र स्थायी समाधानका लागि जिम्मेदारीपूर्वक पहल र प्रयत्न गर्ने (१९५० को नेपाल-भारतबीच भएको सन्धिको पुनरावलोकन गर्ने विषयलाई औपचारिक रूपमा उठाउने) नेपालको प्रथम प्रधानमन्त्रीका रूपमा उहाँलाई लिने गरिन्छ । प्रधानमन्त्री रूपमा पहिलोपटक भारत भ्रमण गरेको बेला पहिलोपटक १९५० को सन्धिको पुनरावलोकन गर्नुपर्ने कुरा उठाउने पहिलो प्रधानमन्त्री उहाँ नै हो । त्यति मात्र होइन, भारतीय पक्षलाई समेत त्यसलाई स्वीकार गर्न लगाउन उहाँ सफल हुनुभएको थियो ।

राजनीतिमा मौलाउन शुरु गरेको विकृति-विसङ्गतिले ठाउँ पाउला भन्ने कुराबाट उहाँ हमेशा सतर्क रहनुहुन्थ्यो । प्रधानमन्त्री हुँदा र नहुँदाको दुवै अवस्थामा उहाँमा यी कुरा समान रहे । जनतासितको निरन्तर र गाढा सम्पर्कमा बाँच्न चाहने र त्यसैलाई आफ्नो ऊर्जाको स्रोत ठान्नुहुन्थ्यो । उहाँ अत्यन्त दृढ र आदर्शप्रति समर्पित तथा जनतासितको सम्बन्धमा ऊर्जावान् भइरहने नेता हुनुहुन्थ्यो । जनतासितको घनिष्ठ सम्पर्क, सम्बन्धमा उहाँ बाँच्न चाहनुहुन्थ्यो । जस्तोसुकै प्रतिकूल स्थितिमा पनि जनतामा जान रुचाउने उहाँले कहिल्यै आराम लिन चाहनुभएन । बेहोश भएर मृत्युको मुखमा पुग्ने बेलासम्म पनि उहाँको यो स्थिति कायम रह्यो ।

मुलुक आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रको ठाउँमा पुग्नुमा उहाँ जस्ता पहिलो पुस्ताका नेताहरूको उन्नत स्तरको चेतना, त्याग र अठोटबाट मात्रै सम्भव भएको हो । उहाँको जीवन नयाँ पुस्ताका लागि पढ्नैपर्ने खुला किताबजस्तै रहेको छ । उहाँको एउटा सपना थियो-राजनीतिलाई विकृति/विसङ्गतिबाट मुक्त बनाउन कम्युनिष्टले बहुमतको सरकार बनाउनै पर्छ । उहाँको त्यो सपना केवल सपना थिएन, सुझबुझपूर्ण राजनीतिक निष्कर्ष थियो । उहाँको त्यो सपना पूरा गर्न लागिपर्नु एमालेको मात्र नभएर सबै प्रगतिशील तथा देशभक्त शक्ति तथा देशवासीहरूको कर्तव्य हो । यही कर्तव्यको पालनाले मात्र मनमोहन अधिकारीले देख्नुभएको सुन्दर सपनालाई साकार पार्न सकिन्छ । (नेकपा(एमाले) का बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको सरकारको प्रमुख राजनीतिक सल्लाहकार हुनु भएको थियो । प्रस्तुत लेख नेता पोखरेलसँग गरिएको कुराकानीमा आधारित छ)

# स्रोतसाधन भए पनि किन कमजोर छन् हाम्रा स्कुल?

**डा. पेशल खनाल**



विद्यावारिधि शोधकार्यका दौरान मैले मेरा बेलायती गुरू टोनी बुथलाई सोधेको थिएँ – विद्यालय सुधारको मूल सूत्र के हो?उहाँले तीन शब्दमै सहज उत्तर दिनुभएको थियो – पोजिटिभ स्कुल कल्चर।मैले सूत्रको सार के हो भनेर तत्कालै सोधेको थिएँ।

उहाँले भन्नुभएको थियो – तपाईंले आफ्नो घर प्रवेश गर्नेबित्तिकै बगैंचामा रोपेको बिरूवा भाँचिएको देख्नुभयो भने कति चित्त दुखाउनुहुन्छ? पक्कै पनि तपाईं चिन्तित हुँदै यो कसले गऱ्यो, किन गऱ्यो भनेर सोध्न थाल्नुहोला। के तपाईं आफ्नो विद्यालयमा प्रवेश गर्दा बगैंचामा बिरूवा भाँचिएको देख्नुभयो भने त्यस्तै चिन्ता गर्नुहुन्छ?हो, विद्यालय संस्कृतिको मूल पक्ष यसैमा निर्भर रहन्छ।

उहाँले थप व्याख्या गर्दै भन्नुभएको थियो – मानौं, तपाईंको परिवारमा प्रशस्तै धनसम्पत्ति छ, भौतिक सुविधाको पूर्णता छ। मीठो खान, राम्रो लगाउन, देशदेशान्तर घुमफिर गर्न स्रोतसाधनको कमी छैन। यससँगै सोच्नुहोस् त, परिवारमा बसेर भलाकुसारी गर्ने समय छैन, सबैका प्राथमिकता फरक फरक छन्। भेट हुँदा असन्तुष्टि पोख्ने र कुरा काट्ने काम हुन्छ।

उहाँ रोकिनुभएन, भनिरहनुभयो, 'सबैका बोलीवचन रूखा छन्। सामूहिक भावना छैन, देखिने नदेखिने गरी परिवारका सदस्यबीच देखासेखी र द्वन्द्वको भावना छ। सम्पत्ति र भौतिक सुविधा पुगेर सबैमा स्वार्थ र अहमता देखिन्छ। त्यस्तो परिवार सफल र आदर्श मान्न सकिँदैन।'

उहाँले थप उदाहरण दिनुभयो – अर्को परिवार छ, आम्दानी र सुविधा मध्यमस्तरको छ तर परिवारका सबै सदस्यहरू आपसमा दुःखसुख बाँड्छन्। भलाकुसारी गर्छन्। काम बाँडफाँट गर्छन्। मितव्ययी रूपमा खर्च गर्छन्। साँझबिहान सबै जना सँगै बसेर हाँसीखुसी खान्छन्। त्यहाँ आत्मीयता छ, एकअर्कामा माया र सम्मान छ। उनीहरूले थोरै आम्दानी र स्रोतसाधन मितव्ययी रूपमा उपयोग गर्दै रमाइलो जीवन बिताएका छन्। सबैमा जिम्मेवारीको सामूहिक भावना छ।

उहाँले निष्कर्ष दिनुभएको थियो, 'राम्रो आम्दानी र भौतिक स्रोतसाधनले सम्पन्न हुँदैमा परिवार सुखी हुने होइन। सुख त सकारात्मक पारिवारिक संस्कृतिले प्राप्त हुने हो।'यही सूत्र विद्यालयमा पनि लागू हुन्छ।विद्यालय सुधारबारे उहाँको सार-सूत्र यही थियो।

अब कुरा गरौं नेपालको।

हाम्रा धेरै सामुदायिक विद्यालयसँग पुग्दो जग्गा, भवन र शैक्षिक सुविधा छ, शिक्षक छन्। स्रोतसाधनका हिसाबले अधिकांश विद्यालय राम्रो अवस्थामा छन्। यति हुँदा पनि आमरूपमा यी विद्यालयमा विद्यार्थीको सिकाइस्तर कमजोर छ। कक्षा ५ पूरा गरेका अधिकांश विद्यार्थी आफ्नो पाठ पढ्न र लेख्न सक्दैनन्। सिकाइको स्तरमा चित्त नबुझाएर अभिभावकहरू निजी विद्यालयमा महँगो शुल्क तिरेर छोराछोरी पढाउँछन्।

**स्रोतसाधन हुँदाहुँदै हाम्रा स्कुल किन कमजोर भए त?**

मूलतः हामीले लगानी र प्रक्रियामा मात्र कमजोरी देख्यौं। सोहीअनुसार विद्यालय सुधारका ठूल्ठूला योजना बनायौं। दाताहरूको सहयोगमा लगातार भौतिक सुविधा, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण र मूल्यांकन विधि, शैक्षिक योजना, शिक्षक तालिम, अभिभावकको संलग्नता, नेतृत्व र व्यवस्थापन, सूचना तथा प्रविधि जस्ता क्षेत्रमा नयाँनयाँ योजना र कार्यक्रम लागू गरिरहेका छौं।

यति गर्दा पनि विद्यार्थीको सिकाइ गुणस्तरमा अपेक्षित परिवर्तन आउन सकेको छैन।यसो हुनुको मूल कारण विद्यालय परिवारमा सहकार्य, सामूहिकता, अपनत्व, पेसाप्रतिको गौरव र सम्मानको संस्कृति निर्माण हुन नसक्नु हो।

विद्यालय संस्कृति विद्यालयको आत्मा हो।

व्यक्तिमा आत्माको शुद्धीकरण नभएसम्म भौतिक सुविधा र सम्पन्नताले आनन्द र सुख प्राप्त हुँदैन।व्यक्ति जस्तै स्कुलका व्यवस्थापक, शिक्षक, अभिभावक र विद्यार्थीका व्यवहारमा प्रतिविम्बित मूल्यमान्यता, पद्धति, आचरण, सोच, व्यवहार, दृष्टिकोण, झुकाब, नेतृत्व जस्ता पक्षले स्कुलको सफलता वा असफलता निर्धारण गर्छ। यी पक्ष ध्यानमा राखेर हामीले लगानी र प्रक्रियासँगै विद्यालय संस्कृतिमा सकारात्मक परिवर्तन ल्याउन सुधारको काम थाल्ने बेला भएको छ।

हाम्रा सामुदायिक विद्यालयमा शिक्षकहरूबीच सामूहिक भावना र स्कुलप्रति अपनत्वको कमी छ। शिक्षक र व्यवस्थापन सदस्य दुबै राजनीतिक आस्थाका आधारमा विभाजित र पूर्वाग्रही छन्। शिक्षकहरूमा 'हामी सबै एउटै विद्यालय परिवारका साझा सदस्य हौं' भन्ने भवानाको कमी छ। बरू 'अलग अलग संघसंगठनका सदस्य हौं' भन्ने विभाजित मनस्थिति छ।हामीले विद्यालयमा शिक्षक र व्यवस्थापन सदस्यहरूबीच एकअर्कालाई सम्मान गर्ने, आपसमा छलफल गर्ने, आपसबाट सिक्ने संस्कार विकास गर्न सकेनौं। व्यवस्थापनले शिक्षकको दोष देख्यो; शिक्षकले व्यवस्थापनलाई अनपढ, अविवेकी र पूर्वाग्रही देखे।

हामीले सबैको फरक फरक पहिचान, अनुभव र क्षमताको उपयोग गर्ने संस्कार निर्माण गर्न सकेनौं। बरू शिक्षक व्यवस्थापन, स्थायी-अस्थायी, प्रावि-मावि, सरकारी दरबन्दी-निजी स्रोत जस्ता संरचना हेरेर 'ठूलो-सानो' र 'तेरो-मेरो' को पहिचान बलियो बनायौं।सामूहिक भावना, अपनत्व, कर्तव्य र जिम्मेवारीभन्दा पनि जागिरको अपौचारिकतामा सीमित भएर रमायौं।शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेर स्थायी सेवाका लागि प्रवेश गरेका मेरा एक पूर्वविद्यार्थीले भनेको एउटा कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानेको छु।

उनको भनाइ यस्तो थियो –

'म शिक्षक सेवा आयोग पास गरेर ठूलो जोस र जाँगरसहित स्कुल गएको थिएँ। कलेजमा सिकेको शिक्षण र मूल्यांकन विधिका नयाँ ज्ञान र सीप प्रयोग गर्दै विद्यार्थीहरूलाई सिकाइ क्रियाकलापमा अधिकतम सरिक गराउने उत्साह थियो। सोहीअनुसार ठीक समयमा कक्षामा जाने, पूरा समय विद्यार्थीलाई कार्यकलापमा संलग्न गराउने, नयाँनयाँ प्रोजेक्ट-वर्कका लागि विद्यार्थीलाई कक्षाबाहिर पनि लैजाने, विद्यार्थी-शिक्षक सम्बन्ध आत्मीय बनाउन कहिलेकाहीँ रमाइला अतिरिक्त क्रियाकलाप गर्ने जस्ता गतिविधि गर्न थालेँ।

म अरू शिक्षक साथीहरूबाट सिक्न र आफूले जानेको कुरा उहाँहरूसम्म पुऱ्याउन चाहन्थेँ। तर त्यहाँ त यसो गर्ने सहकार्यको संस्कृति नै रहेनछ। मैले सिकारू केन्द्रित र कार्यकलापमुखी शिक्षण गरेको अधिकांश शिक्षकलाई पाच्य भएन।उहाँहरूले मलाई 'नयाँ जोगीले धेरै खरानी घस्छ, त्यसको फूर्ति कति दिन टिक्छ' भनेर टीकाटिप्पणी गरेको थाहा पाएँ। बिस्तारै मलाई एक्लो महसुस हुन थाल्यो। मेरो जोस-जाँगर मर्दै गयो। म पनि उहाँहरू जस्तै जागिरे भएँ।'मेरा पूर्वविद्यार्थीको यस्तो कुरा सुनेर म निराश भएँ।

यो उदाहरण दिएर मैले सबै विद्यालय गलत संस्कृतिका छन् भन्न चाहेको होइन। सहकार्य, सहसिकाइ, सामूहिकता जस्ता सकारात्मक संस्कृति भएका स्कुल पनि छन्। यस्ता स्कुलमा शिक्षक, विद्यार्थी, अभिभावक सबै सन्तुष्ट देखिन्छन्। सबैमा मेलमिलाप र सहयोगी भाव देखिन्छ, आपसी सम्बन्ध सुमधुर छ। विद्यालयप्रति अपनत्वको भाव देखिन्छ।

यस्ता स्कुल भौतिक रूपमा सम्पन्न नभए पनि एउटा सुखी परिवार जस्ता देखिन्छन्। सकारात्मक संस्कृतिले उदाहरणीय बनेका छन्।हामी देख्न सक्छौं, पक्की भवन भएका कतिपय स्कुलका कक्षाकोठा खाली छन् तर बाँसको भाटाले बारेर माटोले लिपेका कतिपय विद्यालय भरिभराउ छन्।परिवार सुखी हुन भौतिक सुविधाभन्दा बढी मेलमिलाप, माया र सम्मान आवश्यक भएझैं विद्यालय राम्रो हुन पनि सहकार्य, सहसिकाइ, सामूहिकता र आपसी सद्भाव अपरिहार्य आधार हुन्।

'शेपिङ स्कुल कल्चर' किताबका लेखक केन्ट पिटर्सन र टेरेन्स डिल लेख्छन् – सकारात्मक विद्यालय संस्कृति सामूहिक लक्ष्य र दृष्टिकोण, अपनत्व र सम्मान, मानक र मूल्य, इतिहास र योगदान, कार्यक्रम र उत्सव, संरचना र संकेत, संघर्ष र गाथा तथा सहयोगी र साझा नेतृत्वका ईँटाको संरचनाले निर्मित हुन्छ। यी पक्षको सूक्ष्म र गहिरो विश्लेषणबाट स्कुलमा सुधार गर्नुपर्ने सांस्कृतिक अवयव यकिन गर्न सकिन्छ।

लेस्ली काप्लन र विलियम ओयिङ्स विद्यालय संस्कृतिसम्बन्धी आफ्नो पुस्तक 'कल्चर रिबूट' मा लेख्छन् – अब विद्यालय सुधारका लागि राम्ररी काम गर्न रोकिएको कम्प्युटरलाई रिबूट वा रिस्टार्ट गरेझैं स्कुललाई नयाँ ढंगले रिबूट गर्न जरूरी छ। सकारात्मक र समावेशी संस्कृतिको मूल लक्ष्य केन्द्रमा राखेर रिबूट हुनुपर्छ।

यी लेखकहरूका अनुसार विद्यालय संस्कृति कुनै नीति, कार्यक्रम र बजेटले तुरून्तै बन्ने होइन। न कुनै तालिमले सिकाउन सक्छ। संस्कृति अलिखित हुन्छ तर विद्यालयको गतिविधिमा प्रतिविम्बित हुन्छ। कुनै घरभित्र पस्नासाथ त्यहाँको भौतिक व्यवस्थापन र मानवीय व्यवहारले घरको सांस्कृतिक झलक दिएझैं स्कुल प्रवेश गर्दा देखिने भित्तेलेखन, भित्तेचित्र, बगैंचा, सरसफाइ, शिक्षक र विद्यार्थीका बोली, व्यवहार र कार्यकलापले त्यसको संस्कृति प्रतिविम्बित गर्छ।

स्कुल राम्रो बनाउने संस्कृति निर्माणको उपर्युक्त सूत्र विद्यालय नेतृत्व, व्यस्थापन समिति, अभिभावक र शिक्षक समुदायले अवलम्बन गरौं।हाम्रो व्यवहार र विद्यालय रिबूट गर्न सुरू गरौं। असल संस्कृति निर्माण गर्न केही समय लाग्छ तर विद्यालय परिवारका सबै सदस्यले विद्यालय संस्कृतिको मर्म आत्मसात् गर्न सक्यौं भने सकारात्मक परिणाम अवश्य देखा पर्नेछ। आजै सुरू गरौं ! सेतोपाटी

# 'विदेश उत्तम, स्वदेश खत्तम' भन्ने बुझाई गलत छ : अशोक राई



*जनता समाजवादी पार्टी (जसपा) नेपाल, सङ्घीय परिषद् अध्यक्ष अशोककुमार राईले राजनीतिक नेतृत्वको मनोवृत्ति र मनोविज्ञान 'म र मेरो' भन्दा माथि उठ्न नसकेका कारण देशप्रतिको कर्तव्य निर्वाहमा इमानदारी नदेखिएको बताउनुभएको छ । उहाँले नेपालले हाल अवलम्बन गरिरहेको मिश्रित निर्वाचन प्रणाली र शासकीय स्वरूपबीच तालमेल नभएकाले मुलुकको राजनीति र सरकारको स्थायित्व नभएको रासलाई बताउनुभयो । पूर्वमन्त्री राईले भन्नुभयो, "'म र मेरो' भनिरहँदा 'मेरो देश' भन्नेचाहिँ देखिन्न । उहाँहरूमा देशप्रतिको कर्तव्य पालनामा कमी भएको हो कि भन्ने महसुस हुन्छ । अहिले हामीले अभ्यास गरिरहेको शासकीय स्वरूप र संसदीय प्रणाली पनि स्वस्थ्यकर देखिन्न ।"*

*झापा आन्दोलनको प्रभावबाट २०२९ सालमा वामपन्थी राजनीतिमा प्रवेश गर्नुभएका राईले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले)को कोअर्डिनेसन केन्द्रको २०३३ मा सदस्यता लिनुभयो । विसं २०३५ मा भूमिगत हुनुभएका उहाँ २०४६ मा नेकपा (माले) को केन्द्रीय सदस्य हुनुभयो । विसं २०४८ मा खोटाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित राई २०५९ मा नेकपा (एमाले) स्थायी कमिटी सदस्य र २०६५ मा सोही दलका उपाध्यक्ष हुनुभयो । विसं २०६९ मा एमाले परित्याग गरी सङ्घीय समाजवादी पार्टीका संस्थापक अध्यक्ष हुनुभएका उहाँ २०७० मा संविधानसभा सदस्य हुनुभयो । विसं २०७९ को चुनावमा सुनसरी निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित राई अघिल्लो सरकारमा शिक्षा तथा विज्ञान प्रविधिमन्त्रीको जिम्मेवारीमा हुनुहुन्थ्यो । उहाँले यसअघि पनि निर्माण तथा यातायात, कानुन, न्याय तथा संसदीय मामिला र स्वास्थ्य तथा वातावरणमन्त्रीका रूपमा तीन पटक कार्यभार सम्हालिसक्नुभएको छ । उहाँका 'अँध्यारोभित्रको लिलिङ्गुङ्गा' कविता सङ्ग्रह सहलेखनका रूपमा आएको छ भने 'शब्दाञ्जलि' संस्मरण, 'पहिचानमाथिको प्रश्न' अन्तर्वार्तासङ्ग्रह प्रकाशित छ । पूर्वमन्त्री राईसँग लिएको अन्तर्वार्ताको सम्पादित अंश*

**वर्तमान संसदीय अभ्यासलाई तपाईंले कसरी लिनुभएको छ ?**

अहिले हामीले गरिरहेको संसदीय अभ्यास स्वस्थ्यकर देखिन्न । पहिलो कुरा संविधान नै संसदीय र सङ्घीय दुई शासकीय प्रणाली तथा मिश्रित निर्वाचन प्रणाली रहने गरी बनाइयो । यो सम्मिश्रण संविधानमा छ । यी एकापसमा नमिल्ने विषय हुन् । मिश्रित वा समानुपातिक निर्वाचनमा जाने हो भने राष्ट्रपतीय प्रणाली राखौँ, होइन भने मिश्रित निर्वाचनले राजनीतिक स्थिरता दिँदैन भन्ने विषय संविधानसभाकै बखत नेतालाई धेरै अनुरोध गरिएको थियो । अहिले अपनाएको शासकीय स्वरूप राष्ट्रपतीय र संसदीय दुबै होइन । केही विशेषता संसदीय राखेर समावेशिताका निम्ति मिश्रित निर्वाचन प्रणाली राखेर आइयो । त्यसो भएर जतिसुकै पवित्र आकाङ्क्षा भए पनि संवैधानिक व्यवस्थाले नै अस्थिरताको विकार लिएर आएको छ । हामीले मुलुकमा ठुलो राजनीतिक परिवर्तन गरी लोकतन्त्र ल्याएका छौँ, त्यसको सुदृढीकरणका अभ्यासमा छौँ, तर हाम्रा नेताका मनोवृत्ति र मनोविज्ञान 'म र मेरो' भन्दा माथि उठ्न सकेको छैन । तर मेरो भनिरहँदा 'मेरो देश' भन्नेचाहिँ देखिन्न । उहाँहरूमा देशप्रतिको कर्तव्य मधुरो रहेको हो कि भन्ने महसुस हुन्छ ।

**राजनीतिक दल र व्यक्ति विशेषका महत्त्वाकाङ्क्षा तथा इच्छामा भइरहने सत्ताको फेरबदललाई प्रणालीसँग जोड्न मिल्छ ?**

राजनीतिक स्थायित्व नहुनामा मनोवृत्तिसँगै प्रणालीको पनि दोष छ । कसैलाई मन नपर्नासाथ विश्वास र अविश्वासको खेल सुरु हुन्छ । अहिलेको निर्वाचन प्रणालीकै कारण कसैको बहुमत आउनै नसक्ने स्थिति छ । अर्कातिर मनोवृत्ति पक्ष पनि बलियो छ, बहुमत पाएका अवस्थामा पनि पाँच वर्ष सरकार चलाउन नसकेको उदाहरण छन् । दुई तिहाइ होस् वा सहज बहुमत (कम्फर्टेबल मेजोरिटी) का समयमा पनि सरकार पूरा अवधि टिकाउन र चलाउन सकिएन । प्रतिपक्षले पाँच वर्ष पर्खन र सरकारको जिम्मा लिनेबाट पूरा अवधि टिकाउन नसकेको अवस्था छ । गएको ३२ वर्षको अनुभव र अभ्यास यही छ ।

**विधायकको मुख्य जिम्मेवारी कानुन निर्माण भए पनि पछिल्लो डेढ वर्षको अनुभव र प्रगतिको समीक्षा गर्दा कार्यसम्पादन कमजोर देखिएको छ, यसमा तपाईंको टिप्पणी के छ ?**

संसद् परिणाम दिने गरी कानुन निर्माण गर्न कमजोर छ । यसमा संसद् र सांसद दोषी छैनन् । सरकारले 'बिजनेस' दिँदैन भने संसद्ले के बनाउने भन्ने प्रश्न उब्जन्छ । संसद्लाई 'बिजनेस' सरकारले दिने हो । सरकार नै अस्थिरतामा रहन्छ भने कानुन कसरी बनाउन सक्छ ? संसदमा भएका विधेयकमाथि समितिमा छलफल चलि नै रहेका छन् । अरू 'बिजनेस' गएको छैन । संविधान कार्यान्वयनसँग जोडिएका ऐन कानुन पहिलो प्राथमिकतामा राख्नुपर्ने हो, त्यो भएको छैन । सरकारको अस्थिरतासँगै मन्त्रीमा हुने फेरबदलले कानुनमा ढिलाइ र अन्योलको अवस्था देख्छु । म केहीअघिसम्म शिक्षामन्त्रीका रुपमा कार्यरत थिएँ । त्यहाँ गएपछि मुलुकको शिक्षा प्रणालीमा अलमल र समस्या ऐन कानुनमा देखेँ । देशको समग्र शिक्षा र विज्ञान प्रविधिसँग सम्बन्धित ११ ऐन कानुन संशोधनका लागि सदनमा लगिएको थियो, सरकार फेरियो त्यो विषय अलमलमा परिहाल्यो । आगामी अधिवेशन बजेटमा केन्द्रित हुन्छ ।

**स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रबाट पनि आवश्यक सहयोग भएन भन्ने कतिपय नेताको गुनासो सुनिन्छ । यसमा तपाईं के भन्नुहुन्छ ?**

हो, निजामतीतन्त्रमा अदब, अनुशासन र कार्यसम्पादन विगतका तुलनामा कमी छ । 'सरकारको काम कहिले जाला घाम' भनेजस्तो शिथिल अवस्था देखिन्छ । प्राप्त जिम्मेवारी कसरी छिटो सक्ने भन्ने हुटहुटी कम छ । व्यक्तिगत रूपमा केही सक्रिय, इमान्दार र पूरापुर काम गर्नुपर्छ भन्ने भावना देखिन्छ । तर समग्रमा कर्मचारीतन्त्रको 'नट बोल्ट' खुकुलोअर्थात् ढिलाढाला जस्तो छ । सही ढङ्गबाट नचलिरहेको जस्तो देखिन्छ । अन्तर-मन्त्रालय समन्वय जति हार्दिकतापूर्ण र तीव्र हुनुपर्थ्यो, त्यो पाइँन । रायका लागि पठाइएको फाइल तीन महिनादेखि तीन वर्षसम्म मन्त्रालयमा रोकिएर बस्ने अवस्था छ । नहुने भए त्यस समयमा हुन्न भन्नुपर्‍यो, हुने भए समयमै गर्न र बताउनुपर्‍यो । त्यस खालको समस्या देखियो । म चार वटा क्याबिनेटमा बस्दा त्यो भिन्नता पाएँ ।

**स्थायी सरकारका रूपमा रहेको राज्यको यो संयन्त्र किन शिथिल भयो ?**

हामीले कर्मचारीतन्त्रलाई राजनीतिकरण गर्‍यौँ । हरेक दलले आफ्ना समर्थकलाई गोप्यरूपमा सदस्य दिएर ट्रेड युनियन खोल्न लगायौँ । सामूहिक स्वार्थका लागि बोल्न एउटा ट्रेड युनियन दिन सकिन्थ्यो होला, तर हरेक राजनीतिक दलले कर्मचारी आफ्नो बनाउने होड चलायो । कर्मचारी संयन्त्रमा राजनीति प्रवेश गर्‍यो । कर्मचारीमा राष्ट्र, राष्ट्रियता, जनताप्रतिको कर्तव्य, ऐन कानुन, विधिभन्दा बढी मेरो पार्टी भन्ने मनोविज्ञान दिमागमा हुलिदियौँ । अर्को भनेको, भ्रष्टाचार नियन्त्रण गर्न सकिएन । राजनीतिक नेताले पनि भ्रष्टाचार बेसरी गर्ने अनि कर्मचारीलाई पनि औजारका रूपमा प्रयोग गर्ने प्रवृत्ति छ । त्यस कारण राम्रा, इमान्दार कर्मचारी निरुत्साहित हुन पुगे । भ्रष्टाचार र अवसर प्राप्तिका निम्ति त्यस्तै खालका मानिसको प्रयोगले इमान्दारको उनीहरूको मनोबल खस्कियो । अर्कातर्फ अहिलेका निजामती कर्मचारी लोकसेवा उत्तीर्ण भए पनि समस्यालाई बुझ्ने र समाधानका उपाय निकाल्ने क्षमतामा कमी छ । अबको भर्ना छनोट प्रक्रियामा सुधार गर्नुपर्छ । घोकेर, रटेर पाठ्यक्रमभित्रको प्रश्नलाई कण्ठ गर्नेभन्दा सिर्जनात्मक परीक्षण विधि थप्नुपर्छ । कर्मचारीलाई चुस्त तुल्याउन समयबद्ध तुल्याउन तालिम दिनपर्छ ।

**स्थायी सरकारका सदस्यका रूपमा रहेका कर्मचारीको वृत्ति विकास, सरुवा र जिम्मेवारीमा पनि समस्या छ ?**

कर्मचारीलाई दक्ष, योग्य, कार्यकुशल बनाउनु सरकारको दायित्व हो । समयबद्ध तरिकाले तालिम, प्रशिक्षण, सरुवा र बढुवाको आवश्यकता छ । लामो समयदेखि एकतात्मक शासन प्रणालीको अभ्यास गरिआएकाले उनीहरूलाई सङ्घीयताको मर्म र भावना बुझाउन सकिएको छैन । सङ्घीयताको मर्म र भावनाबारे तालिम-प्रशिक्षण तथा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्छ । सङ्घीयता किन उत्कृष्ट शासन व्यवस्था हो, यो नेपालमा किन जरुरी छ भन्ने पाटो नबुझेर विरोध गरिएको छ । सङ्घीयतासँग सम्बन्धित करिब डेढ सय कानुन अझै बनाउन सकिएको छैन । त्यसैले प्रदेश कमजोर अवस्थामा छन् । प्रदेश टिकाइ मात्र राख्ने, काम गर्न नपाउने जस्तो अवस्था छ । सङ्घीयताको असल अभ्यास गर्ने हो भने सोहीअनुरूप ऐन, कानुन र संविधान संशोधन गरी कार्यान्वयन गर्नुपर्छ । त्यसका लागि कर्मचारीतन्त्रको पुरानो मनोविज्ञान र धङधडीलाई सङ्घीयतातर्फ उन्मुख गराउनुपर्छ । सङ्घले प्रदेश र स्थानीय तहलाई अधिकार नै दिन नचाहने प्रवृत्ति नेता र कर्मचारीमा छ । सरकार बाहिर बस्दा सङ्घीयता भन्ने तर सरकारमा गएपछि अधिकार किन दिने भन्ने प्रवृत्ति छ । यो अधिकार ऐन कानुन निर्माण गरेर हस्तान्तरण गर्नुपर्छ ।

**उपलब्धिको रक्षा र संविधानको प्रभावकारी कार्यान्वयनका लागि देशका प्रमुख शक्तिबीच एकता नभएको आरोप छ । तपाईंलाई केही भन्नुछ ?**

पाखुरा सुर्किएर झगडा गर्ने नेपाली समाजको प्रवृत्ति सदनमा पनि देखिन्छ । त्यो नभई दिए हुन्थ्यो भन्ने लाग्छ । एउटै कुरालाई अनेक कोणबाट प्रस्तुत गर्न सकिन्छ । सदनमा आफ्ना विषयवस्तु रोचक, घोचक र मननीय हिसाबले प्रस्तुत गर्न सकिन्छ । सदन खण्डनमण्डनभन्दा पनि राष्ट्रको मनन र चिन्तन गर्ने थलो हो । त्यहाँ नेतृत्वले नरम र उदाहरणीय ढङ्गबाट प्रस्तुत भइदियोस् भन्ने लाग्छ । नेता सदमार्ग देखाउने अगुवा हो । ऊ समाज र जनतालाई असल मार्ग देखाउने हिस्साबाट प्रस्तुत हुनुपर्छ । विगतमा संसदीय अभ्यास नजानेर, नबुझेर गलत कार्य भए । तर यसबीचमा सदनमा अलि बढी नै तहसम्म गयो कि भन्ने छ । सदनमा एउटाले बोलेको अर्काले खण्डन गरिरहनुपर्ने होइन । सदन वाद विवादको मञ्च होइन, त्यो खासमा जनताको आवाज राख्ने मञ्च हो, कानुनसम्बन्धी छलफल गर्ने स्थल हो । सभामुखतर्फ मुख फर्काएर बोल्नुपर्नेमा अर्कैतर्फ मुख फर्काएर बोलेकोजस्तो देखिन्छ ।

**संसद् र विषयगत समितिका बैठक गणपूरक संख्या नपुगेर स्थगत हुनु सांसदको कर्तव्य र अनुशासनसाग सम्बन्धित विषय होइन ?**

सांसदले आफ्नो जिम्मेवारी नबुझ्नुमा समस्या छ । विधायकले ऐन कानुन निर्माणको मूल भूमिका निर्वाह गर्नुपर्छ । जनताको अपेक्षा पानीको धारादेखि विश्वविद्यालयसम्मका लागि बजेट, कार्यक्रम र आयोजना ल्याउनुपर्छ भन्ने छ । जनताको इच्छामा मेरो जिम्मेवारी होइन भन्न सक्ने अवस्था छैन । त्यो भएर मन्त्रीलाई भेट्न मन्त्रालय धाउनुपर्ने स्थिति छ । हामी सबै धाइरहेकै छौँ । अहिलेको मानसिकता, प्रक्रिया र पद्धति नफेरिइन्जेल धाउनुपर्ने नै होला नि । समितिमा कोरम नपुग्ने विषय भने लाजमर्दो छ । समितिका बैठक छाड्नै हुन्न, अनिवार्य उपस्थित हुनुपर्छ । समितिमा अर्को गलत अभ्यास धेरैजसो सांसद सुरुमा हात उठाएर बोल्ने अनि हिँडिहाल्ने छ, त्यो हुनहुन्न । गहन र मसिनो छलफल गरी उपयुक्त निर्णय गर्नुपर्छ । त्यो नहुँदा गुणात्मक नीति र कानुन बनाउन हामीले ध्यान दिएका छैनौँ भन्ने लाग्छ ।

**प्रत्येक सरकारको प्राथमिकता सुशासन प्रवर्द्धन हो तर भ्रष्टाचार किन नियन्त्रण हुन सकेन ?**

भ्रष्टाचार भनेको मनोवृत्ति हो । अन्त्यन्त सम्पन्न मुलुकका नेता र नेतृत्व पनि भ्रष्टाचारमा मुछिएको देखिन्छ । यो पैसाको लेनदेन मात्रै पनि होइन, नीतिगत भ्रष्टाचार पनि धेरै छ । यो पाप र लोभसँग सम्बन्धित छ । लोभी मनोवृत्ति भएका मानिस पाप गर्न पुग्छन् । भ्रष्टाचार प्रणालीगत रूपमा संस्थागत भएको प्रतिवेदन र सेवाग्राहीले बताइरहेका छन् । तलदेखि माथिसम्म कमिसनतन्त्र मौलाउँदो छ । अर्कातर्फ प्रत्यक्ष निर्वाचन प्रणालीले पनि भ्रष्टाचारलाई बढाउने काम भइरहेको छ । निर्वाचनमा विभिन्न शक्ति, व्यक्ति र प्रवृत्तिले खर्च गरिरहेका हुन्छन् । हालको निर्वाचन प्रणालीले पार्टीलाई पैसा चाहिने अवस्था सिर्जना गरेको छ । त्यसका लागि उद्योगी, व्यापारीबाट चन्दामार्फत खर्च जुटाइन्छ । चन्दा लिने र दिने भएपछि नेताहरू दबाबमा पर्छन् । त्यो भएर हामीले प्रत्यक्ष निर्वाचन हटाएर समानुपातिकमा जाऔँ भनिरहेका छौँ । यसले समावेशीतालाई पनि सुनिश्चित गर्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति बनाऔँ । सांसदबाट मन्त्री नबनाउने, स्वच्छ छवि भएका व्यक्तिलाई लैजाने व्यवस्था हुनुपर्छ । सरकारलाई स्थायित्व दिऔँ, भ्रष्टाचारलाई स्रोतमै रोकौँ भनेर संविधानसभामा म धेरै कराएँ । अहिले अभ्यासमा रहेको शासन प्रणाली 'कक्टेल'जस्तो भयो, निर्वाचन पनि ठिमाहा बनाइयो । मिश्रित निर्वाचन प्रणाली विकृतिपूर्ण छ । यसले लेनदेनको अवसर गराउँछ । अब पूर्ण समानुपतिक प्रणाली अवलम्बन गर्नुपर्छ ।

**नेपालीले संसारमै विश्वासिलो छवि बनाएका छन् तर यहाँको राजनीतिप्रति अविश्वास किन ?**

बेरोजगारी समस्या र रोजगारीको अभावले पनि विदेश जाने युवा-विद्यार्थीको सङ्ख्या बढेको छ । आजको संसार विज्ञान, प्रविधि, यातायातका हिसाबले जोडिएर एउटा गाउँ र परिवारजस्तो भएपछि आवतजावत बढ्यो । अहिले जो जहाँ पनि पुग्न सक्ने अवस्था बन्यो । विकसित मुलुकमा न्यूनतम तलब-सुविधामा काम गर्ने श्रमिकको अभाव भयो । उनीहरूले हाम्रा मानिसलाई रोजगारी दिन थाले, अर्कातर्फ हाम्रो अर्थतन्त्र पनि कमजोर भयो ।

तुलनात्मक रूपमा विदेश गएकाहरूले बढी पैसा ल्याउन थाले । त्यो व्यक्ति गाउँमा जाँदा फुर्तीफार्ती बढ्यो, अनि अरू पनि त्यसबाट लालायित हुन पुगे । 'विदेश उत्तम, स्वदेश खत्तम' भन्ने मनोवृत्ति मौलाउँदै गयो । अनि ठूलो संख्यामा युवा-विद्यार्थी विदेश दौडन थाले । त्यसलाई रोक्न मनोवैज्ञानिक रूपमा देशप्रेम भर्नुपर्छ । अवसर यहीँ सिर्जना गर्नुपर्छ, अर्थतन्त्र सुदृढ गर्नुपर्छ । राज्य व्यवस्थाभित्रको ढिलासुस्ती, भ्रष्टाचार तथा सेवाग्राहीलाई हेप्ने र दुःख दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ । स्वदेशका विश्वविद्यालयले समयमै अध्ययन-अध्यापन गराउने, परीक्षा लिने व्यवस्था गर्नुपर्छ, राष्ट्रभक्ति दिने शिक्षा दिलाउनुपर्छ । त्यो अनुभूति गराउनुपर्छ । तर यहाँ मुड्की बजाएर नेता हुने प्रवृत्ति छ । अब्बल विद्यार्थी नेता हुने अवस्था अहिले देखिन्न । गुण्डागर्दी गर्ने, तालाबन्दी गर्ने, प्राध्यापक कुट्ने नेता हुने प्रवृत्ति छ । त्यसो भएर असल र मेहनतीको विदेश पलायन बढेको हो ।

**एउटा व्यक्तिले सङ्कल्प गरेमा देशको विकास सम्भछ भन्ने छिमेकी मुलुकहरूको प्रगतिबाट प्रष्ट हुन्छ । तपाईंबाट पनि जनताले त्यही आशा गरेका छन् । के भन्नुहुन्छ ?**

मलेसिया र सिङ्गापुरको जस्तो उदाहरण विद्यमान शासन प्रणालीबाट नेपालमा एउटा व्यक्तिले गर्न र दिन सक्ने अवस्था छैन । राष्ट्रपतीय प्रणालीमा जाँदा आफूअनुकूलको मन्त्रिमण्डल बनाउन सकिन्छ । त्यस प्रणालीका आधारमा मात्र एउटा सज्जन, इमान्दार व्यक्तिको छनोट भएमा मुलुक बन्ने आधार तयार हुन्छ । अहिलेको प्रणालीमा एउटा नेता जतिसुकै सज्जन भए पनि केही लाग्दैन । खुट्टा तानेर लडाइदिन्छन् । शासकीय स्वरूपमा परिवर्तन गर्नैपर्छ । स्थानीय तहलाई पार्टी बाहिर राख्नुपर्छ । स्थानीय सरकारलाई सेवाग्राहीलाई सेवा उपलब्ध गराउन र विकास निर्माणमा संलग्न गराउनुपर्छ ।

**अन्त्यमा, केही भन्नुछ ?**

मतदाताले पनि मुलुकलाई सही ढङ्गले मार्गनिर्देश गर्न सक्ने नेतृत्व रोज्नुपर्छ । जनताले खोजिरहेको विकल्प उनीहरूको चाहनाअनुसारको नपर्ने हो कि भन्ने मलाइ लागेको छ । निरास नै हुनुपर्ने अवस्था छैन । मुलुकले चाहेको जस्तो नेता मतका माध्यमबाट जन्माउनुपर्छ । त्यो क्षमता जनतामा छ । ती नै सर्वशक्तिमान् छन् । चित्त नबुझेका नेता र पार्टीलाई फालिदिने शक्ति उनीहरूमा छ । उनीहरूले त्यो अस्त्र प्रयोग गर्न सक्नुपर्छ ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. २ घर भई हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. २ बस्ने श्री बनारसी प्रसाद सुल्तानीयाको नाती, श्री शंकर प्रसाद सुल्तानियाको छोरा वर्ष ५७ को श्री महाबीर कुमार सुल्तानीयाको मिति २०७६/१०/०४ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२३७६१ मा भएको रकम भुक्तानी पाउँ भनी निज मृतककी पत्नी श्रीमती सीता देवी सुल्तानियाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१



## Quotation आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८१/०१/१४ गते

मानव कल्याण समाज नेपाल मिथिला बिहारी.न.पा .८, कचुरी धनुषा तथा ईन ईलम परियोजना, हेल्भेटास नेपालको साझेदारीमा संचालित जिवन स्तर सुधार तथा सामाजिक सशक्तिकरण परियोजना उक्त परियोजनामा स्टेशनरी तथा खाजाको आवश्यक्ता भएकोले आपूर्ती गर्नका लागि इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ७ औं दिन सम्म कार्यालय समय भित्र सम्बन्धित संस्थाले उपलब्ध गराएको फारम भरी यस सस्थांको खरिद फाँटमा रितपूर्वक सिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ ।
२. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन (२०८१/०१/२१ गते शुक्रबार) दिनको ११.०० बजे प्रशासन तथा खरिद व्यवस्थापन समिति, उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।
३. सिलबन्दी बोलपत्रका साथ देहाय बमोजिमको कागजातहरू पेश गर्नुपर्नेछ ।
   (क) होटल दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि
   (ख) मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
   (ग) आ.व.२०८०/८१ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि वा कर दाखिला प्रमाण-पत्रको प्रतिलिपि ।
४. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर सस्थांले "प्रदान गर्ने सेवाको नाम तथा संस्थाको नाम" स्पष्टसंग उल्लेख गर्नुपर्ने छ ।
६. यस सिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय संस्थाको खरिद समितिमा निहित रहनेछ ।
७. खाजा सेट : समोसा, लिटि, लालमोहर, रसभरि र निमकि सहितको सेट ।
८. स्टेशनरी : काँपी, डटपेन (सेल्लो), न्युज प्रिन्ट, मार्कर, मास्किन टेप, मेटा कार्ड, A4 paper, डब्बल टेप, ग्लुस्टिक, कैची, मार्कर (Temporary/Permanent), स्टेपलर (small/medium/large), स्केल, डायरी, स्टाम्प पाड र रजिस्टर ।

Term & Condition :
जम्मा भ्याट बाहेक रकम :
जम्मा रकम अक्षरमाः
होटलको नामः
ठेगानाः
फोन नंः
सहि छाप तथा मितीः

विस्तृत जानकारी तथा बोलपत्र पेश गर्ने सम्पर्क ठेगाना :

**मानव कल्याण समाज नेपाल HWSN**
मिथिला बिहारी नगरपालिका-८, धनुषा
फोन : ०४१-५९१५३५
ईमेल : mkalyansamaj@gmail.com

**नोट** :- खाजाको हकमा लक्ष्मिनिया देखि महेन्द्रनगर सम्मकोलाई बिशेष प्राथमिकता दिईनेछ ।



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८१/०१/१४

यस बैंकको शाखा कार्यालय जलेश्वर, महोत्तरीबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : जोया ईलेक्ट्रीकल एण्ड हार्डवेयर**
रजिष्टर्ड ठेगाना : जलेश्वर न.पा वडा नं २, महोत्तरी
रजिष्ट्रेशन नं. : ६३६५/१७/०७७/०७८ (नेपाल सरकार, प्रदेश नं.२ उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उधोग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोग कार्यालय, जलेश्वर महोत्तरी)
रजिष्ट्रेशन मिति : २०७७/०४/०८
पान नं. : ६१३३७७०५६

**प्रोपाईटरको नाम र ठेगाना**

अब्दुल जलिल धोवीको नाती, मो.ईस्लाम साफी धोवीको छोरा, नुरजहान खातुनको पति, जलेश्वर न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. २, बस्ने **इब्राहिम साफी** (ना.प्र.नं. ३९२३५२१२, जारी मिति २०५१/११/११, जिल्ला महोत्तरी)

**जमानीकर्ताको नाम र ठेगाना**

१. ईस्लाम साफीको बुहारी, जलिल साफीको छोरी, जलेश्वर न.पा.वडा नं.०५, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला जलेश्वर न.पा वडा नं. ०२, बस्ने **नुरजहान खातुन** (ना.प्र.नं. ३४६४/०६१/६२, जारी मिति २०६१/०६/०४, जिल्ला महोत्तरी)
२. ईस्लाम साफी धोवीको नातीनि, ईब्राहिम साफीको छोरी, जलेश्वर न.पा. वडा नं. ०५, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ०२, बस्ने **बिलकिश खातुन** (ना.प्र.नं. १८-०१-७७-००१०८, जारी मिति २०७७/०३/१५, जिल्ला महोत्तरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# जलवायु परिवर्तनले नयाँ क्षेत्रमा फैलिँदै मलेरिया

**एएफपी**

लागोस ।गत वर्ष अमेरिकामा स्थानीयरूपमा प्रसारित मलेरिया थोरै संख्यामा पाइएपछि जलवायु परिवर्तनले केही रोगको खतरालाई पुनर्जीवित वा स्थानान्तरण गर्दैछ भन्ने कुराको सम्झना गराएको थियो। यद्यपि अफ्रिकी महादेशमा मलेरियाले लाखौँ मानिसलाई मारेको वा बिरामी पारेको छ।

नाइजेरियाको लागोस सहरको अनौपचारिक छिमेकी मकोकोका ६६ वर्षीया फनमिलायो कोटुनलाई नै लिनुहोस्। यहाँको फोहर पानीको पोखरीले मलेरिया फैलाउने लामखुट्टेका लागि अनुकूल प्रजनन अवस्था प्रदान गर्दछ। अमेरिकी डलर सातदेखि २१ को बीचमा पाइने उपचार गरिएको कीटनाशक मच्छरदानी कोटुनले किन्न सक्नुहुन्न। यहाँ एन्टिमलेरिया औषधि वा उपचार अत्यन्त कम हुन्छ।



मलेरिया परजीवी अधिकांश सङ्क्रमित लामखुट्टेमार्फत मानिसमा फैलिन्छ र ज्वरो, टाउको दुख्ने र चिसोलगायतका लक्षण निम्त्याउन सक्छ। यसले धेरैजसो पाँच वर्षभन्दा कम उमेरका बालिबालिका र गर्भवतीहरूलाई असर गर्दछ। खोपको प्रयास अहिले पनि प्रारम्भिक चरणमा छ।

क्यामरुन यस वर्ष बालबालिकालाई नियमितरूपमा मलेरियाको नयाँ खोप दिने पहिलो मुलुक बन्यो। यहाँ यो ३० प्रतिशतमात्र प्रभावकारी छ र प्रसारणलाई यसले रोक्न सक्तैन। दोस्रो खोपलाई हालै मञ्जुरी दिइएको थियो।

एन्टिमलेरिया औषधि र कीटनाशकहरूको प्रतिरोधका घटनाहरूबढिरहेकाछन्भनेसरकार र दाताहरूबाट नवप्रवर्तनका लागि कोष सुस्त भइरहेको छ। भीडभाड भएको क्षेत्र, जमेको पानी, खराब सरसफाई तथा उपचार र रोकथाम सामग्रीसम्म पहुँचको अभावले धेरै क्षेत्रमा बस्ने अवस्थाको भूमिका निर्वाह गर्दछ। यसअघि भारत र फारसको खाडीमा देखिएका लामखुट्टेको आक्रामक प्रजाति नयाँ चिन्ताको विषय बनेको छ।

विश्वव्यापीरूपमा मलेरियाका मामिला बढिरहेका छन्। सन् २०१९ मा सङ्क्रमण २३ करोड ३० लाखबाट बढेर सन् २०२२ मा ८५ मुलुकमा २४ करोड ९० लाख पुगेको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) का अनुसार मलेरियाबाट मृत्युको संख्या सन् २०१९ मा पाँच लाख ७६ हजारबाट बढेर सन् २०२२ मा छ लाख आठ हजार पुगेको छ। मलेरियाको विश्वव्यापी बोझको करिब ७० प्रतिशत वहन गर्ने १२ मुलुकमा ११ अफ्रिकामा छन् भने अर्को मुलुक भारत हो। सन् २०२२ मा अफ्रिकामा मलेरियाबाट मर्ने पाँच लाख ८० हजारमा ८० प्रतिशत मृत्यु पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको भएको थियो।

मलेरियाविरुद्धको लडाइँले तीव्ररूपमा निदान परीक्षण, खोप र नयाँ मच्छरदानीजस्ता कीटनाशक प्रतिरोधको सामना गर्ने क्षेत्रमा केही प्रगति देखिएको छ तर कोभिड-१९ र फोकस फर फन्डिङमा परिवर्तनले यी प्रयासहरूलाई पछाडि धकेलेको छ।

गत वर्ष ट्रपिकल मेडिसिन एन्ड इन्फेक्सियस डिजिजमा प्रकाशित एक अध्ययनमा कोभिड-१९ का कारण जारी लकडाउनले सम्पूर्ण अफ्रिकामा ३० प्रतिशत ग्रामीण सामुदायिक स्वास्थ्य विन्दुहरूमा अवरोध उत्पन्न भएको बताइएको छ। सन् २००० र सन् २०१९ को बीच घट्ने प्रवृत्तिलाई तोड्दै मलेरियाका मामिला पुनः बढ्न थालेको छ। डब्ल्युएचओका अनुसार घट्दो प्रवृत्ति चाँडै फर्कन सक्छ।

ग्लोबल फन्ड टु फाइट एड्सका कार्यकारी निर्देशक पिटर स्यान्ड्सले भन्नुभयो, "अफ्रिका जलवायु परिवर्तनको तीव्र अन्त्यमा छ र चरम मौसमी घटनाहरूको बढ्दो आवृत्तिले निम्न र मध्यम आय भएका क्षेत्रमा मलेरियासँग मुकाबिला गर्ने प्रयासलाई बर्बाद गरिरहेको छ।" सन् २०२३ मा डब्ल्युएचओको विश्व मलेरिया प्रतिवेदनमा पहिलो पटक मलेरिया र जलवायु परिवर्तनबीचको सम्बन्धमा एउटा अध्याय समावेश गरिएको छ। यसमा सम्भावित जोखिम गुणकका रूपमा यसको महत्‍ माथि प्रकाश पारिएको छ।

वैज्ञानिकहरूले माउन्ट किमिमान्जरोको ढलान र पूर्वी इथियोपियाको पहाडलगायत कुनै पनि समयमा लामखुट्टेको बसोबास नहुने क्षेत्रमा बस्ने मानिसहरू मलेरियाको चपेटामा आउनसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन्। दशकौँमा आफ्नो सबैभन्दा तातो दिन रेकर्ड गरेको जिम्बाब्वेका केही जिल्लामा मलेरियाको प्रसारण अवधि बढाइएको छ।


जिम्बाब्वेमा मलेरियाका लागि डब्ल्युएचओका प्राविधिक अधिकारी डा प्रिसियस एन्डिफासीले भन्नुभयो, "यो परिवर्तनका लागि जलवायु परिवर्तनलाई श्रेय दिइएको छ।"

> "मलेरिया परजीवी अधिकांश सङ्क्रमित लामखु`मार्फत मानिसमा फैलिन्छ र ज्वरो, टाउको दुख्ने र चिसोलगायतका लक्षण निम्त्याउन सक्छ । यसले धेरैजसो पाँच वर्षभन्दा कम उमेरका बालिबालिका र गर्भवतीहरूलाई असर गर्दछ । खोपको प्रयास अहिले पनि प्रारम्भिक चरणमा छ ।

# राष्ट्रिय महिला भलिबलमा एपिएफ क्लब विजयी

**टुडे समाचारदाता**

काठमाण्डु। विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले राष्ट्रिय महिला भलिबल प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ।



त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा विहिबार भएको खेलमा एपिएफ क्लबले अर्को विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई ३-२ सेटले पराजित गरेको हो। यसअघि एपिएफ क्लबले पहिलो खेलमा विभागीय टोली नेपाल प्रहरीको पुलिस क्लबलाई ३-१ सेटमा पराजित गरेको थियो।

विहिबारको खेलमा एपिएफले सुरुआती दुई सेट २५-२३ र २५-२३ अङ्कले आफ्नो पक्षमा पाऱ्यो। त्यसपछिका दुई सेट आर्मीले २५-१३ र २५-१४ अङ्कले जित्यो।

खेलको अन्तिम निर्णायक सेट एपिएफ क्लबले १५-९ अङ्कले जित्यो। जितसँगै एपिएफ क्लबले पाँच अङ्क जोडेएको छ। प्रतियोगिताको विजेताले रु चार लाख ९९ हजार, दोस्रो हुने टोलीले रु दुई लाख ५० हजार, तेस्रो हुनेले रु एक लाख २५ हजार र चौथो हुने टोलीले रु ६२ हजार पुरस्कार प्राप्त गर्नेछ।

# भलिबल टोली बङ्गलादेश प्रस्थान

**टुडे समाचारदाता**

भक्तपुर। बङ्गलादेशको राजधानी ढाकामा हुने भलिबल प्रतियोगितामा सहभागी हुन ११ जना खेलाडी तथा प्रशिक्षक टोली त्यसतर्फ प्रस्थान गरेको छ।



ढाकामा यही वैशाख १४ गतेदेखि हुन गइरहेको आमन्त्रित अन्तर्राष्ट्रिय भलिबल यु-१९ प्रतियोगितामा सहभागी हुने खेलाडी तथा अफिसरको विहिबार भक्तपुरमा आयोजित कार्यक्रममा बिदाइ गरियो।

खेलाडी सुरेश मल्ल, यज्ञराज जोशी, अविशेक थापा, पुष्कल थापा, दिपेन थापा, पहल गहतराज, राजकुमार रोकाया, सुनिल बोहोरा, इज्जत दनै, शशि पुलामीमगर र भुवन तामाङ बङ्गलादेश प्रस्थान गरेको टिम म्यानेजरसमेत रहनुभएका दीपक थापाले बताए। प्रतियोगितामा भाग लिन विहिबारै टिम म्यानेजर थापासहित प्रशिक्षक उत्सव खड्का र सहायक प्रशिक्षक जनकबहादुर खड्का ढाका प्रस्थान गरेका छन्। जिल्ला खेलकुद विकास समिति भक्तपुरका निवर्तमान अध्यक्ष एवं टिम म्यानेजर दीपक थापाको नेतृत्वको टोलीले सहयोग रकम सङ्कलन गरी त्यसतर्फ लागेको छ।

सरकारी निकायबाट सहयोग नभएपछि सहायता फाउण्डेसनका अध्यक्ष राजु ढुङ्गेल, व्यवसायी लक्ष्मण अवाल र थापा आफैँले रकम जुटाउनुभएको सो अवसरमा जानकारी दिइयो।

# केन्यामा बाढीका कारण ३८ को मृत्यु

**एएनआई**

नैरोबी ।केन्यामा बाढीबाट कम्तीमा ३८ जनाको मृत्यु भएको र बाढीको स्तर आपत्कालीन अवस्थाबाट विपत्तिको स्तरमा सर्दै गएको केन्या रेडक्रस सोसाइटी (केआरसीएस) ले जनाएको छ।



पछिल्लो समयमा अफ्रिकी राष्ट्रमा परेको भारी वर्षाले सामान्य व्यापारमा पनि बाधा पुऱ्याएको छ। केन्याको राजधानी नैरोबीको माथारे बस्तीमा बुधबार परेको वर्षामा एक जनाको मृत्यु भएको छ भने छ जना बेपत्ता भएका छन् ।यस बस्तीका प्रायः कम आम्दानी गर्ने तथा कमजोर वासस्थानमा बसोबास गर्ने समुदायका बासिन्दाहरू गम्भीर बाढीका कारण घरमै फसेको सिन्ह्वाले रिपोर्ट गरेको छ।

आँधीको पानीले सडकमा बाढी आएको कारण केही क्षेत्रहरू सहरबाट सम्पर्कविहीन नै भएका थिए। राजधानीको दक्षिणमा रहेको किटेङ्गेलाको मुख्य पुल अथी नदीले बगाएपछि हजारौँ व्यापारी तथा कामदारहरू अलपत्र परेका थिए ।सिन्ह्वाका अनुसार मध्य केन्याको किरिन्यागा काउन्टीमा मङ्गबार थिबा नदीको किनार फुट्दा उनीहरूको घर तथा व्यवसायमा बाढी आएपछि ६० भन्दा बढी परिवार घरबारविहीन भएका छन्।

मार्च-अप्रिल-मेमा वर्षा सुरु भएदेखि नै धेरै काउन्टीले यसको प्रभाव महसुस गरेका छन्। प्रभावित घरपरिवार, विस्थापन, शिविरहरूको स्थापना, डुबानयोग्य जमिन, प्रभावित व्यवसाय र पशुधनको मृत्यु भएको मानवीय एजेन्सीले जनाएको छ ।केन्या मौसम विज्ञान विभागका अनुसार केन्यामा अभूतपूर्व भारी वर्षा भएको छ भने केही क्षेत्रमा एकै दिनमा दुई सय मिलिमिटरसम्म वर्षा भएको छ।

वर्षापछि देशभरि बाढी निम्त्याउने चेतावनी दिँदै काउन्टी र राष्ट्रिय सरकार दुवैस्तरका केन्याली अधिकारीहरूले तल्लो र बाढी प्रभावित क्षेत्रका बासिन्दाहरुलाई उच्च भूमिमा जान सल्लाह दिएका छन् ।आन्तरिक तथा राष्ट्रिय प्रशासनका क्याबिनेट सचिव किन्डिकी किथुरेले पूर्वी क्षेत्रको मासिङ्गा र मध्य क्षेत्रको थिबासहित बाँध नजिक बस्ने बासिन्दाहरूलाई स्थानान्तरण गर्न आग्रह गर्नुभएको छ।

थप वर्षाले विपत्ति निम्त्याउने सम्भावना भएकाले बस्तीहरूमा बाढीको प्रभाव बढी हुने उहाँले बताउनुभयो। सरकार उच्च सतर्कतामा रहेको र बहु-एजेन्सी टोलीले कम गर्ने प्रयासमा काम गरिरहेको उहाँको भनाइ छ। इन्टरगभर्मेन्टल अथोरिटी अन डेभलपमेन्ट (आइजिएडी) को क्लाइमेट प्रेडिक्सन एन्ड एप्लिकेसन सेन्टर (आइसिपिएसी) ले जारी गरेको सूचनामा केन्याले असामान्यरूपमा भारी वर्षाको अनुभव गर्ने हर्न अफ अफ्रिकाका देशहरूमध्ये एक भएको जनाएको छ।

# यस वर्ष लुबाट थाइल्यान्डमा ३० जनाको मृत्यु, तातो मौसमको चेतावनी जारी

**एएफपी**

बैङ्कक। यस वर्ष लुबाट कम्तीमा ३० जनाको मृत्यु भएपछि थाइल्यान्डले बिहीबार तातो मौसमको चेतावनी जारी गरेको छ। तापक्रम ५२ डिग्री सेल्सियसभन्दा माथि जाने अपेक्षा गरिएपछि थाई राजधानी बैंककमा अधिकारीहरूले अत्यधिक गर्मीको चेतावनी दिएका हुन्।

बैङ्कको कङ्क्रिटले फैलिएको क्षेत्रमा तापक्रम बुधबार ४० दशमलव एक डिग्री सेल्सियससम्म पुगेको थियो। बिहीबार पनि यस्तै स्तरको पूर्वानुमान लगाइएको थियो। यस साता दक्षिण र दक्षिणपूर्वी एसियाका केही भागमा असाधारण तातो मौसमको लहर चलिरहेको छ। यसका कारण फिलिपिन्सभर विद्यालय बन्द गर्नुपर्यो भने बङ्गलादेशमा उपासकहरूले वर्षाका लागि प्रार्थना गर्नुपरेको छ।

तापक्रम सूचक (आर्द्रता, हावाको गति र अन्य कारकहरूलाई ध्यानमा राख्दै महसुस गरिने तापक्रमको मापन) बैङ्कमा 'अत्यन्त खतरनाक' स्तरमा रहेको सहरको पर्यावरण विभागले चेतावनी दिएको छ।

मुलुकको ग्रामीण उत्तरपूर्वमा रहेको उडोन थानी प्रान्तका अधिकारीहरूले पनि बिहीबार तीव्र तापक्रमको चेतावनी दिएका छन्। स्वास्थ्य मन्त्रालयले बुधबार राति जनवरी १ देखि अप्रिल १७ को बीच लुबाट ३० जनाको मृत्यु भएको जानकारी दिएको छ।

**Prasauni Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Prasauni, Bara**
**Madhesh Pradesh, Nepal**

**Invitation for Bids**

**Date of publication: 2081/01/14 (2024-April-26)**

The Office of The Rural Municipal Executive, Prasauni has allocated funds towards the cost of **Tower Light Jadan Karya (Supply And Installation Of Tower Light Work) & Khelkud Purbadhar Nirman Karya (Construction Of Boundary Wall)** for below mentioned contract. Bidding is open to all eligible Nepalese bidders.

1. Office of The Rural Municipal Executive, Prasauni, invites electronic bids from eligible bidders under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of The Rural Municipal Executive, Bara, , E-mail:**prasaunigaupalika1@gmail.com**
3. **According to amended public procurement act (PPA-69 amendment) and public procurement regulation, only e-Bidding is applicable for this contract. No Hardcopy submission is applicable.**
4. Bidder who chooses to submit their bid can download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified in this notice) of bidding document in the Project's Office **revenue account** as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher of **non-refundable fee of** bid shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Himalayan Bank Ltd., Prasauni, Bara
   Name of Office: Office Of The Rural Municipal Executive,Prasauni, Bara
   Account Name:- GA-1.1 Aantrik Rajaswa Khata Prasauni
   Office Account no.: 05307682940019
5. Electronic bids must be submitted to the Office Of The Rural Municipal Executive, Prasauni, Bara through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Hrs** on **2081/01/30 (2024-May-12)** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00Hrs, 2081/01/30 (2024-May-12)** at the Office Of The Rural Municipal Executive, Prasauni, Bara. Bids must be valid for a period of **90 Days** after bid opening and must be accompanied by a bid security & scanned copy of the bid security in .pdf format, amounting to a minimum of **rupees as mentioned below** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. **90 Days**).
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. No | Contract ID No. | Project Name | Estimated Amount With Vat & Ps (Nrs.) | Bid security (Nrs.) | Bid Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | PRM/SQ/W/ 2080/081/07 | Tower Light Jadan Karya (Supply And Installation Of Tower Light Work) | 11,68,789.61 | 30,000.00 | 1000.00 |
| 2 | PRM/SQ/W/ 2080/081/08 | Khelkud Purbadhar Nirman Karya (Construction Of Boundary Wall) | 14,61,492.19 | 40,000.00 | 1000.00 |

# नेपाल–चीन (तिब्बत) १७औं आर्थिक तथा व्यापार मेला हुँदै

काठमाण्डु । नेपाल-चीन (तिब्बत) १७औँ आर्थिक तथा व्यापार मेला यही वैशाख १७ गते आयोजना हुने भएको छ । नेपाल सरकार र चीनको स्वशासित क्षेत्र तिब्बतको वाणिज्य विभागवीच सन् १९९० मा सम्पन्न दुई देशका सरकारको व्यापार प्रतिनिधिमण्डलबीच भएको सम्झौताअनुसार प्रत्येक दुई/दुई वर्षमा सो मेला हुँदै आएको छ ।

नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतमा दुई वर्षमा आलोपालो हुनेगरी आर्थिक तथा व्यापार मेला आयोजना गर्ने सम्झौता बमोजिम मेला आयोजना गर्ने गरी तयारी गरिएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जनाएको छ । नेपाल चीन (तिब्बत)बीच दुई पक्षीय आर्थिक तथा ब्यापार आर्थिक र व्यापारिक सम्वन्ध अझ विस्तार गर्ने मेलाको प्रमुख उद्देश्य रहेको केन्द्रले विहिबार पत्रकार सम्मेलन आयोजना गरी जनाएको छ ।




मेलामा चीन (तिब्बत)बाट स्वशासित क्षेत्र तिब्बतका सरकारी प्रतिनिधिको रुपमा चीनको स्वशासित क्षेत्र तिब्बत सरकारका उपाध्यक्ष लड फुकुअनको नेतृत्वमा पाँच सदस्यीय उच्चस्तरीय प्रतिनिधिमण्डलसहित करिब १२५ व्यापारी प्रतिनिधिको सहभागिता रहनेछ । मेलामा चीन (तिब्बत)को तर्फबाट ५० प्रदर्शनी कक्ष रहने केन्द्रले जनाएको छन् ।

तिब्बतका स्टलहरुमा परम्परागत जडीबुटी, कृषिजन्य उत्पादन, आधुनिक कृषि औजार, चिया, विद्युतीय उपकरण, घरायशी प्रयोगका साधन, कार्पेट, पेयपदार्थ, परम्परागत हस्तकलाका सामान, परम्परागत धुप, दुई पाङ्ग्रे, तीन पाङ्ग्रे, चार पाङ्ग्रे, विद्युतीय सवारी साधन र सौन्दर्य प्रशोधनका अतिरिक्त बिभिन्न व्यापारिक कम्पनीहरुले समेत भाग लिने छन् ।

यसैगरी नेपालको तर्फबाट १५ प्रदर्शनी कक्ष रहने छन् । नेपाली कक्षमा जडीबुटी, कफी, चिया, हस्तकला/काष्ठकला, धातुकला, कार्पेट, पश्मिनालगायत विभिन्न कम्पनीका उत्पादनहरु प्रदर्शित गरिने छन् ।

मेलाको अवसरमा दुई पक्षबीच विभिन्न व्यवसायिक बैठकसमेत आयोजना हुनेछन् । मेला बिहान १० बजेदेखि बेलुका ६ बजेसम्म खुल्ला रहने छ । मेलामा प्रवेश निःशुल्क गरिएको छ ।रासस

# वनमा लागेको डढेलोले खरायो, सर्प र चरा मरे

नेपालगञ्ज । बाँकेका विभिन्न सामुदायिक वनमा लागेको डढेलोका कारण वनमा रहेका खरायो, सर्प र विभिन्न प्रजातिका चरा मरेको अवस्थामा फेला परेका छन् ।

राप्तीसोनारी गाउँपालिका-६ को सामुदायिक वनमा खरायो, सर्प र विभिन्न प्रजातिका चरा मरेको अवस्थामा फेला परेको शम्शेरगञ्ज सबडिभिजन कार्यालय, बाँकेका वन अधिकृत सुशील सुवेदीले जानकारी दिनुभयो । तर कति सङ्ख्यामा मरे भन्ने विषयमा विवरण सङ्कलन भइरहेको उहाँको भनाइ छ ।उहाँले डढेलोबाट हरिण र बँदेलजस्ता जनावर विस्थापित भएको पाइएको बताउनुभयो ।

जिल्लाको २५ वटा सामुदायिक वनमा लागेको डढेलोका कारण वनमा ठूलो मानवीय क्षति नभए पनि जीवजन्तु केही मरेको र सङ्कटमा रहेको बताइएको छ ।

जिल्लाको राप्तीसोनारी गाउँपालिकाको वडा नं २, ८, ५ र ६ का समुदायिक वन डुडूवा गाउँपालिका-५ स्थित गोकुल सुामदायिक वन, वैजनाथ गाउँपालिका-२ को सुनगाभा सामुदायिक वन र कोहलपुर नगरपालिकाको सामुदायिक वनमा डढेलो लागेको थियो । जिल्लाको २५ वटा सामुदायिक वनको दुई सय ५० हेक्टर क्षेत्रफल र चक्ला वनको पाँच सय हेक्टरमा डढेलो लागेको थियो ।

"हामीलाई दिउँसो डढेलो निभाउन सहज छैन, त्यसैले राति परेपछि धेरै सामुदायिक वनमा काम गरेका थियौँ", उहाँले भन्नुभयो । गत वर्षभन्दा यस वर्ष धेरै सुक्खा भएकाले डढेलो झन् फैलिएको बताइएको छ । वन अधिकृत सुवेदीले डढेलो अहिले नियन्त्रणमा आएको उल्लेख गर्दै फाटफुट केही स्थानमा डढेलो रहेको बताउनुभयो ।

डढेलो लागेको वनमा सात सय लिटर ट्याङ्की भएको पाइपसहितको गाडीमार्फत पनि अग्नि नियन्त्रणमा लिइएको जानकारी दिँदै उहाँले अग्नि हेरालु आठजना परिचालन भएको उल्लेख गर्नुभयो । रासस


## श्री गुठी संस्थान

### शाखा कार्यालय, जनकपुरधाम

### हाट बजार ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएको १५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१४**

यस संस्थानको पूर्ण स्वामित्वमा रहेको ज.उ.म.न.पा वडा नं.४ सिट नं.१३९५-१० कि.नं.२५ को क्षेत्रफल ०-७-११-० ऐ. ऐ. सिट नं. १३९५-१५ कि.नं.२६ को क्षेत्रफल ०-५-३-३ समेतका गुठी तैनाथी जग्गा जसमा हाल कृषि उपज (शुक्रबारी हाट) बजारको नाममा संचालन भैरहेको बजार स्थल ५(पाँच) बर्षका लागि बहाल ठेक्कामा व्यवस्था गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ संस्था वा कम्पनीहरुबाट बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | जिल्ला | न.पा. | वडा | हाट बजारको नाम | न्यूनतम बार्षिक ठेक्का रकम |
|---|---|---|---|---|---|
| १ | धनुषा | ज.उ.म.न.पा | ४ | कृषि उपज(शुक्रबारी हाट)बजार | रु.१४,४९,८००।०० |

**शर्तहरू**

१. बोलपत्र फाराम रु. ५०००।-(पाँच हजार) मात्र नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र आफूले लिन चाहेको दर उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

३. अन्य थप जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क सकिने छ । सम्पर्क नं.०४१-५९०२८१


# बाँकेका किसान चैते धानप्रति आकर्षित

नेपालगञ्ज । प्रशस्त उत्पादन हुने जानकारी अगुवा किसानबाट पाएपछि बाँकेका किसान चैते धानप्रति आकर्षित भएका छन् । सिँचाइ सुविधा भएको जिल्लाको राप्तीसोनारी, बैजनाथ, डुडुवा गाउँपालिकाका किसान चैते धानप्रति आकर्षित भएका हुन् ।

पहिलोपटक चैते धानको खेती गर्नुभएकी बैजनाथ गाउँपालिका-६ की किसान गीता खत्रीले चैते धानको खेतीमा धमिरो लागने गरेको अनुभव सुनाउँदै मलखाद पनि बढी प्रयोग हुने बताउनुभयो । उहाँले बर्खे धान खेतीभन्दा चैते धान खेतीमा बढी मिहिनेत गर्नुपर्ने र उक्त धान खेतीमा रोग बढी लाग्ने भएकाले विषादीको मात्रा पनि बढी हुने उल्लेख गर्नुभयो । यद्यपि उहाँले मनग्य उत्पादन हुनेमा आफू ढुक्क भएको बताउनुभयो । करिब पाँच कट्ठा जमिन क्षेत्रफलमा चैते धानको खेती गर्नुभएकी खत्रीले बीउको ब्याड राख्न नजानेर समस्या झेल्नुपरेको बताउनुभयो । रासस


## Balwa Municipality

### Office of The Municipal Executive

### Balwa, Mahottari

### Invitation For Bids

**1st Date of publication: 2081/01/14(April 26, 2024)**

Balwa Municipality Office of the Municipal exexutive Balwa, Mahottari invites electronic bids form eligible bidders for the Construction of the works given in the table below under NCB Single Stage one Envelope Procedure.

| S. N. | Contract Identification No. | Description of Works | Estimated amount with Vat | Price of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Balwa.mun/W/ NCB/04/2080/81 | Dhruwakunda sthan shaundaryikaran karya | Nrs. 9816248.17 | Nrs. 3000.00 | Nrs. 220000/- |

Elligible Bidders may obtain further information form Balwa Municipality, Balwa, Mahottari and PPMO web portal: www.bolpatra.gov.np/egp

**Chief Administrative officer**



## Bishnupur Rural Municipality

### Office of the Rural Municipal Executive

### Bishnupur, Saptari

### Invitation for Bids

**First Date of Publication: B.S. B.S. 2081/01/14 (26th April, 2024)**

1. Bishnupur Rural Municipality, Office of the Rural Municipal Executive, Saptari invites electronic bid from eligible and qualified bidders for the following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedure.

| S N | Contract No. | Description of works | Bid Document price (Non-refundable) | Specific nature of similar work experience | Average Annual Turnover | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/ Saptari/Work/ NCB/01/080/081 | Construction of Secondary School Building with ICT Lab and Library at Bishnupur Ward No. 4, Saptari | Nrs. 5,000/- | At least one RCC frame structure building value of at least NRs. 1,39,00,000.00/- (without VAT) within last 10 years. | NRs. 34,865,453.29 | 10,00,000/- /150 Days | 120 Days |

| | |
|---|---|
| Deadline for Purchase of Bid Document: | Before 12:00 afternoon on BS 2081/02/16 (AD 29th May 2024) |
| Deadline for Bid Submission: | Before 12:00 afternoon on BS 2081/02/16 (AD 29th May 2024) |
| Date, Time and Place of Bid Opening: | 13:00 PM Onwards on BS 2081/02/16 (AD 29th May 2024) at Bishnupur Rural Municipality, Office of the Rural Municipal Executive, Bishnupur, Saptari |
| Account Details for Bid Document Purchase | Name of the Bank: Kumari Bank Limited<br>Name of Office: Bishnupur Rural Municipality, Office of the Rural Municipal Executive<br>Office Account no.: 2630247205600000<br>Rajaswa (revenue) Shirshak no.: AANTRIK RAJASHWO KHATA BISHNUPUR |
| Account Details for Bid Security Deposit: | Account Name: DHARAUTI KHATA BISHNUPUR<br>Bank Name: Kumari Bank Limited<br>Bank Address: Bishnupur Rural Municipality<br>Account Number: 2630244205600004 |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bishnupur Rural Municipality, Office of the Rural Municipal Executive, Bishnupur, Saptari, bishnupursaptari@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः २०८१/०१/१४**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको (साविक सहयोगी विकास बैंक लि.) शाखा कार्यालय जलेश्वर, महोत्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/११/०२ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जलेश्वर, महोत्तरीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा, आवधिक कर्जा र अल्पकालिन कर्जा**

**ऋणी फर्मको नाम : आन्नद दुध डेरी उद्योग**
रजिष्ट्रेसन नं. : ४०८५/२६/०७३/७४ (नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उधोग कार्यालय, महोत्तरी)
रजिष्टर्ड ठेगाना : जलेश्वर-१३, महोत्तरी
पान नं. : ६०५०४८०२५

| फर्मको प्रोप्राईटरको नाम र ठेगाना | जमानीकर्ताहरुको नाम र ठेगाना |
|---|---|
| **नाम : मितु पाण्डेय**<br>बाबु : देवेन्द्र प्रसाद सिंह भुमिहार<br>ससुरा : रामनरेश पाण्डेय<br>पति : अरुण कुमार पाण्डेय<br>ठेगाना : जलेश्वर-१३, महोत्तरी<br>हालको ठेगाना : जलेश्वर न.पा.-०६, महोत्तरी<br>ना.प्र.नं. : २०८<br>जारी मिति : २०५६/१२/२२<br>जि.प्र.का. : महोत्तरी | **१. नाम : अरुण कुमार पाण्डेय**<br>बाबु : रामनरेश पाण्डेय<br>बाजे : मदन पाण्डेय<br>ठेगाना : जलेश्वर-१३, महोत्तरी<br>हालको ठेगाना : जलेश्वर न.पा.-०६, महोत्तरी<br>ना.प्र.नं. : ३९२३४५५९<br>जारी मिति : २०४८/०५/२१<br>जि.प्र.का. : महोत्तरी |
| **२. नाम : शुभम पाण्डे**<br>बाबु : अरुण कुमार पाण्डेय<br>बाजे : रामनरेश पाण्डेय<br>ठेगाना : जलेश्वर न.पा.-०६, महोत्तरी<br>हालको ठेगाना : जलेश्वर न.पा.-०६, महोत्तरी<br>ना.प्र.नं. : १८-०१-७५-०७९४८<br>जारी मिति : २०७५/०९/१८<br>जि.प्र.का. : महोत्तरी | **३. नाम : सुमन्त पाण्डे**<br>बाबु : अरुण कुमार पाण्डेय<br>बाजे : रामनरेश पाण्डेय<br>ठेगाना : जलेश्वर न.पा.-१३, महोत्तरी<br>हालको ठेगाना : जलेश्वर न.पा.-०६, महोत्तरी<br>ना.प्र.नं. : १८-०१-७२-०६८०४<br>जारी मिति : २०७२/१२/३०<br>जि.प्र.का. : महोत्तरी |

**धितो राखिएको सम्पत्तिको विवरणः**

**धितो सुरक्षण धनीको नामः- अरुण कुमार पाण्डेय**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | धबौली | ४ | ५०८ | ०-२-६ (वि.क.धु.) | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| महोत्तरी | जलेश्वर | १३ | २५ | २४ वर्ग मि. | |
| महोत्तरी | जलेश्वर | १३ | १२६ | २८१.७५ वर्ग मि. | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय जलेश्वर, महोत्तरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/०१/३० गते, आइतवार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जलेश्वर, महोत्तरी ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

# प्रदेश सरकार योजनाबद्ध तरिकाले अगाडि बढ्ने : मन्त्री लेखी

टुडे समाचारदाता

जनकपुरधाम । मधेश-प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले पत्रकारिता क्षेत्रको दिगो विकास तथा संरक्षणका लागि मधेश-प्रदेश सरकार योजनाबद्ध तरिकाले अगाडि बढ्ने बताएका छन् ।



सञ्चारिका समूह नेपालद्वारा बिहीबार देखि जनकपुरधामको होटल अञ्जनी सुइटमा आयोजना गरिएको नेपालमा महिला पत्रकार हरुको 'नेतृत्व क्षमता विकास' विषयक दुईदिने कार्यशाला गोष्ठीको उद्घाटन गर्दै उनले सो विचार व्यक्त गरेका थिए । मन्त्री लेखीले लोकतन्त्र तथा सञ्चार क्षेत्र एक सिक्काको दुई पाटा रहेको उल्लेख गर्दै लोकतन्त्रमा पत्रकारितालाई व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउनुपर्ने आवश्यक रहेको बताए ।

सञ्चार क्षेत्रमा काम गर्ने पत्रकार र सञ्चार संस्थाको संस्थागत विकासका लागि एक हप्ताभित्र मधेश-प्रदेश सरकारले बजेट, तालिम, सूचना र सुरक्षाका कार्यक्रम ल्याउने जानकारी दिए । "म मन्त्री भएको धेरै दिन भएको छैन, सबै कुरा बुझ्दै सञ्चारक्षेत्रको विकासमा लाग्नेछु", उनले भने ।

गोष्ठीमा राज्यमन्त्री शारदा थापाले मुलुकमा सामाजको विकास तथा सुशासन कायम गर्नका लागि पत्रकारिता क्षेत्रको भूमिका सराहनीय रहेको उल्लेख गर्दै पत्रकारिता क्षेत्रको विकासमा सरकारको हरेक क्षेत्रले सहयोग पुऱ्याउनुपर्ने आग्रह गरिन् ।

सञ्चारिका समूह नेपालका अध्यक्ष विमला तुम्खेवाको सभापतित्वमा भएको सो कार्यक्रममा आसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, सञ्चारिका समूहकी पूर्व अध्यक्ष निर्मला शर्मा र पत्रकार महासङ्घ धनुषाका अध्यक्ष मोनिका झाले पनि पत्रकारको समस्याबारे विचार व्यक्त गरेका थिए ।

सो कार्यशाला गोष्ठीमा मधेश प्रदेशका पुरुष र पत्रकार महिलाहरुको सहभागिता रहेको छ ।

कार्यशालामा प्रत्येक जिल्लाबाट दुई पुरुष र दुई महिला गरी चार/चार जना सहभागी रहेका छन् । ३२ जना सहभागी रहेको सो कार्यशाला दुई दिन सम्म चल्ने संचारिका समूह मधेश प्रदेशकी कोषाध्यक्ष चान्दनी झाले जानकारी दिइन् ।

## मटिहानीमा आगलागी

# न खाने अन्न रह्यो, न फेर्ने लुगा



टुडे समाचारदाता

जलेश्वर । बुधबार दिउँसोको आगलागीबाट घरबारविहीन भएकी महोत्तरीको मटिहानी-६ जरलहवागाछीकी मैमुन खातुनका आँखा अझै ओभाएका छैनन् ।

बनीबुतो गरेर सञ्चय गरिएको अन्नपात, लुगाफाटा र भाँडाकुडासहित घरजलेर खरानी भएपछि अब जहान परिवार कहाँ लिएर कसरी पालिने भन्ने चिन्ताले मैमुनलाई पिरोलेको छ । बनीबुतो र खेत बढैया (अधिया) गर्दै जोहो गरिएका अन्नपात र क्षणभरमै खरानी भएपछि मैमुनका पति शेष फर्मुदका आँसु पनि थामिएका छैनन् । फर्मुद सुस्केरा हाल्दै भने, "आब केना जिबै ! या अल्लाह (अब कसरी बाँच्ने हे ईश्वर) !"

मैमुन परिवारमा मात्रै होइन घरबारविहीन सो बस्तीका एक सय ६० भन्दा बढी आगलागी पीडित परिवारको व्यथा उस्तै छ । ति परिवारसँग न खाने अन्न छ, न त फेर्ने लुगा ।

"कुछो बच नइसकल, सब जैरगेल (घरका केही सामान बचेनन्, सबै जले)", बस्तीकी आगलागी पीडित लखनदेवी पासवानले भने-'आब परिवारके कोना गुजारा चलत(अब परिवारको गुजारा कसरी चल्ला !" बुधबार लखनदेवी उपचारका लागि भारतको सीतामढी गएका थिए । घर फर्कदा घरको ठाउँमा खरानीको थुप्रो मात्रै देखेपछि बेहोस हुनुभएकी उनलाई नगरप्रमुख हरिप्रसाद मण्डलसहितका प्रतिनिधिले ढाडस दिएपछि सम्हालिए पनि वर्षौंको थातथलो देखेर अझै बेचैन छन् ।

अधिकांश मुस्लिम समुदाय र धानुक, साह, मलाहसहितका जातिको बसोबास रहेको जरलहवागाछी विपन्न बस्ती छ । त्यही बस्तीमा बुधबार मध्याह्न मैमुन खातुनको परालको कुन्यूबाट सल्केको आगोले भीषण रुप लिँदै एक सय भन्दा बढी घर पूर्णरूपमा जलेर खरानी बनायो । आगोको लप्काले बस्तीका ५० जति अन्य घरमा क्षति पुगेको छ । सो घटनामा पाँच वटा पशुचौपाया जल्नुका साथै १५ करोडभन्दा बढीको धनमाल क्षतिभएका नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए ।

मध्याह्नतिर लागेको आयो हावाको बहाबसँगै तीव्र गतिमा बस्ती पसेको थियो । सो आगो निभाउन मटिहानी, जलेश्वर, रामगोपालपुर र प्रदेश प्रहरी कार्यालयका दमकलसहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीले छ घण्टासम्म सङ्घर्ष गर्नुपरेको थियो ।

आगो निभाए लगत्तै मटिहानी नगरपालिकाले तत्कालै पीडित परिवारलाई चिउरा, सख्खरसहितका तयारी खानेकुरा, ओतका लागि त्रिपाल र नेपाल रेडक्रस सोसाइटी महोत्तरीले बाल्टिन र जग उपलब्ध गराएको थियो । बिहीबार अन्य सङ्घ संस्था, समाजसेवी र स्थानीय व्यापारीले सहयोग प्रदान गरेको छ ।

यसैगरी प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा अग्निपीडितको सहयोगार्थ जुट्न सम्बद्ध सामाजिक सङ्घसंस्था, मनकारी व्यक्तिहरु र विभिन्न निकायसँग अपिल गरिएको बताए ।

## आगलागी पीडितलाई राहत वितरण

टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिकाको वडा नं. ६ को जरलहवा बस्तीका अग्निपीडित परिवारहरूलाई राहत वितरण सुरु भएको छ । बुधबार मटिहानी नगरपालिका वडा नं. ६ स्थित जरलहवा गाछी बस्तीमा भएको आगलागीमा एक सय भन्दा बढी घर जले ।

बिहीबार बिहानै अग्निपीडित परिवार हरूलाई मटिहानी नगरपालिका वडा नं. ८ का सुनचाँदी व्यवसायी जयशंकर गुप्ताले आलु, आटा तथा बस्ने पटिया वितरण गरे । त्यसैगरी जलेश्वर नगरपालिका-२ निवासी मनुराज चौधरीले अग्निपीडित परिवारलाई एक-एक कार्टुन चाउचाउ वितरण गरेको मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए । उनले वुधबार राति नै आगलागी पीडितहरूलाई खानेकुरा, पानी त्रिपाल तथा रेडक्रस सोसाइटीले बाल्टिन र मग वितरण गरेको जानकारी दिदै बिहीबार बिहानै बिस्कुट वितरण गरिएको बताए । नगरपालिकाको स्रोतसाधनबाट धान्ने गरी आगलागी पीडितहरूलाई सहयोग भइरहेको बताउँदै नगरप्रमुख मण्डलले विपद् को यस घडीमा सहयोगको लागि सबैसँग अपिल गरे । बिहीबार बिहानै मधेश प्रदेशका गृहमन्त्री राजकुमार लेखी, राज्यमन्त्री शारदा थापा, प्रदेशसभा सदस्य रानी शर्मा तिवारी तथा गृहसचिव वीरेन्द्र यादवसहितका टोलीहरू घटनास्थल पुगेर निरीक्षण भ्रमण गरे । उनले अवस्था भयावह रहेको बताउँदै क्षतिको यकिन गरेर मधेश सरकारबाट आगलागी पीडितहरूलाई सहयोग गर्ने आश्वासन दिए ।

जरलहवा बस्तीमा वुधबार लागेको आगलागीलाई नियन्त्रणमा लिन १० वटा वारुणयन्त्रलाई झण्डै सात घण्टाभन्दा बढी समय लागेको थियो । अहिले आगलागी पीडितहरूलाई राहत र पुनर्स्थापना कसरी गर्न सकिन्छ भन्नेमा समय दिनुपरेको बताउँदै नगरप्रमुख मण्डलले आगलागी पीडितहरूलाई संयमता साथ बस्न आग्रह गरे ।

# मधेश प्रदेशमा औलो रोगको जाँच कम

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा ७५ जना मात्र औलोको बिरामी भेटिएका छन् । प्रदेशका आठ वटा जिल्लाहरूमध्ये सबभन्दा बढी सर्लाहीमा २३ जना मलेरियाका बिरामी फेला परेका हुन् । सबैभन्दा कम सप्तरीमा दुई जनामा मलेरियाका कीटाणु भेटिएका छन् ।



चालु आर्थिक वर्षको वैशाख १० गतेसम्ममा रौतहटमा १६ जना, बारामा ११ जना, धनुषामा १० जना, महोत्तरी र पर्सामा पाँच-पाँच जना, सिराहामा तीन जना मलेरियाका बिरामी फेला परेको स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका जनस्वास्थ्य प्रशासक श्रवणकुमार नायकले जानकारी दिए ।

मधेश प्रदेशका जिल्लाहरूमा औलो रोगको परीक्षण कम हुने गरेको छ । परीक्षण कम हुँदा बिरामी पनि कम फेला परेको हुन सक्ने उनले बताए । प्रदेशमा अहिलेसम्ममा २५ हजार ६ सय ६८ जनाको परीक्षण गरिएको छ । सबैभन्दा बढी महोत्तरीमा छ हजार ९२ जनामा औलोको परीक्षण गरिएको छ भने सबभन्दा कम बारामा एक हजार १५ जनालाई परीक्षण गरिएको निर्देशनालयका वरिष्ठ ल्याब टेक्निसियन फुलेन्द्र यादवले बताए ।

त्यस्तै, सप्तरीमा चार हजार ६२१, पर्सामा चार हजार १७, सर्लाहीमा तीन हजार ३०४, धनुषामा तीन हजार २४, सिराहामा एक हजार ८५५, र रौतहटमा एक हजार ७४० जनालाई मलेरियाको परीक्षण गरिएको उनले बताए । अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा ३० हजार ८७२ जनामा मलेरियाको परीक्षण गरिएको थियो ।

### प्रदेश स्तरमा मधेशमा कम जोखिम

अहिले तथ्याङ्कको आधारमा औलोका बिरामीको हिसाबले अन्य प्रदेशको तुलनामा मधेश प्रदेश कम जोखिममा रहेको छ । आर्थिक वर्ष २०७९/०८० को तथ्याङ्क अनुसार मधेशमा ६६ जनामा मलेरिया बिरामी फेला परेको थियो । सबभन्दा बढी लुम्बिनी प्रदेशका १८० जना बिरामी भेटिएको थियो भने सबभन्दा कम कोशी प्रदेशमा १४ जनामा औलो देखिएको स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले जनाएको छ ।

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले विश्व औलो दिवसको अवसरमा बिहीबार आयोजना गरेको सरोकारवालाहरूसँग औलो रोगसम्बन्धीअन्तरक्रियाकार्यक्रममा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार सुदूरपश्चिम प्रदेशमा १५०, बागमतीमा ४६, कर्णालीमा ३८, र गण्डकी प्रदेशमा ३४ जनामा औलो देखिएको छ ।

यसैगरी, राष्ट्रको पहिलो जनस्वास्थ्य कार्यक्रम औलो उन्मुलन नै हो । नेपाल औलो रणनीतिक योजना २०१४-२०२५ अनुसार नेपाललाई सन २०२५ सम्म अर्थात् एक वर्षपछि औलोमुक्त राष्ट्र बनाउने परिकल्पना गरिएको छ । परिकल्पनालाई मूर्तरूप दिन स्थानीय औलोलाई शून्यमा पुऱ्याउने र शून्यमा मृत्युलाई कायम राख्ने लक्ष्यसहित सङ्घीय संरचना अनुसार सबै स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय जाँच, उपचारको न्यायोचित पहुँच तथा रोकथामका उपायहरू अवलम्बन गरी औलो निवारण गर्ने उद्देश्यले काम गरिरहेको बताएको छ ।

यस्तै, औलोमुक्त राष्ट्र बनाउन नेपाल सरकारले १२ वर्षे (२०१४-२०२४) रणनीतिक योजनाहरू बनाएको छ । जसमा औलो बिरामीको खोजपड्ताल तथा औलो निवारणका लागि आवश्यक सूचना प्रणाली सुदृढीकरण गर्ने, औलोको जोखिम स्थानहरूमा भेक्टर नियन्त्रण कार्यक्रम सञ्चालन गरी औलो सर्ने दरलाई घटाउने, औलोको गुणस्तरीय निदान तथा उपचारमा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने, औलो निवारणका लागि सरकारको नेतृत्वदायी भूमिका तथा प्रतिबद्धता र समुदायको सहभागिता सुनिश्चित गर्ने र औलो निवारणका लागि प्राविधिक तथा व्यवस्थापकीय क्षमता सुदृढ गर्ने रणनीति योजनाहरू बनाएको छ ।

बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई :

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाउन सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकालेप्रयोगगर्नेसामानमानामलेख्नेगरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

धनुषा निर्माण व्यवसायी संघ
जनकपुरधाम

आमंत्रण

धनुषा निर्माण व्यवसायी संघको नव निर्वाचित पदाधिकारीहरुको
शपथ ग्रहण तथा पदहस्तान्तरण समारोह
नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रिय
अध्यक्ष श्री रवि सिंह ज्यूको
प्रमुख आतिथ्यमा सुसम्पन्न हुने भएको हुँदा उक्त अवसरमा
यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम
मिति : २०८१/०१/१६ गते आइतवार
समय : बिहान ११:३० बजे
स्थान : महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुरधाम-४, तिरुहुतिया गाछी

प्रार्थी
अशोक कुमार चौधरी
नव निर्वाचित अध्यक्ष
तथा
धनुषा निर्माण व्यवसायी संघ परिवार
जनकपुरधाम




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८